'हाम्रो बचत हाम्रै लागि, सहयोग, आर्थिक, सम्मृद्धि र एकताको लागि'

**निमन्त्रणा**

**१६ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन**

यस संस्थाको १६ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदै शेयर सदस्य महानुभावहरूको उपस्थितिको लागि विनम्र अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८२/०९/१२ गते, शनिबार

**समय** : ११:०० बजेदेखि २:०० बजेसम्म

**स्थान** : : महाकालीपीठ, चौतारीमा, भोलाछेँ-६

**मनोनयन दर्ता** : संस्थाको कार्यालयमा २०८२ पुस १० गतेसम्म खुला गरिएको छ ।

*जय महाकाली साकोस*
*भोलाछेँ-६, भक्तपुर*

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**मजदुर**
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**
*नगाँचा, कमलविनायक, भक्तपुर*
**लक्ष्मण तचामो**
मो.नं. ९८०३६८७३२३

★ वर्ष : २७ ★ अङ्क : ३१९ ★ ने. सं. ११४६ थिंला गा, तृतीया ★ आइतबार ★ २१ मङ्सिर, २०८२ ★ December 7, 2025, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# सांस्कृतिक गतिविधिले भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने



भक्तपुर, २० मङ्सिर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको दत्तात्रयमा भएको योमारी प्रतियोगिता तथा प्रदर्शनीको शनिबार पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो ।

योमारी उत्सव तथा प्रतियोगिताको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाद्वारा आयोजित सांस्कृतिक गतिविधिले भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

भक्तपुरको मौलिकता संरक्षणले यहाँको पहिचान जोगाइ राख्न टेवा पुग्ने बताउँदै उहाँले नगरपालिकाले आगामी दिनमा यी र यस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि नगरपालिकाले योमारी उत्सवलाई प्रतियोगिताको रूपमा सञ्चालन गरी सबैलाई मौलिकता प्रदर्शन गर्ने अवसरको रूपमा कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँको मूर्त र अमूर्त सम्पदाहरूको महत्त्व नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले नगरभित्र सञ्चालित सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन गराइरहेको बताउनुभयो ।

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले नगरपालिकाद्वारा आयोजित योमारी उत्सवले भक्तपुरको सम्पन्नतालाई उजागर गरेको बताउँदै योमारी सम्पन्नता, सभ्यता, प्रेम, संस्कृति, हर्ष उल्लास र विज्ञानको प्रतीक भएको बताउनुभयो ।

देशको राजनीतिक, सांस्कृतिक, ऐतिहासिक धरोहरहरू जलिरहँदा पुर्खाप्रति नै अपमान भएको बताउँदै उहाँले नयाँ पुस्ता परिवर्तन, सिर्जना र सम्पन्नताको बाटोमा हिँड्नुपर्छ, ध्वंसको बाटोमा होइन भन्नुभयो ।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले उत्सवको महत्त्वमाथि प्रकाश पार्दै योमारी महोत्सव सफल पार्न सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पुराना कला संस्कृति र सभ्यता नयाँ पुस्ताको पहिचान हो भन्दै यसलाई संरक्षण गर्नु सबैको दायित्व भएको बताउनुभयो ।

कार्यक्रमको उद्घाटनअघि नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं.१ इनागबाट सुरु भएको सांस्कृतिक ऱ्याली दत्तात्रयमा पुगी सम्पन्न भयो ।

उद्घाटन ऱ्यालीअघिको भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र वडा नम्बर १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले प्रतियोगिता सफलताको शुभकामना दिनुभयो ।

प्रतियोगिताको उद्घाटनपश्चात् नगरप्रमुख सुनिल प्रजापति सहितको टोलीले सलाँ गणेश, क्वाठण्डौँ, जैँलामा खाना महोत्सव तथा स्थानीय उत्पादन प्रदर्शनी र सूर्यमढीमा सांस्कृतिक कार्यक्रम स्थलगत अवलोकन गर्नुभएको थियो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमरी प्रतियोगिता तथा प्रदर्शनीमा ६८ वटा योमारी प्रदर्शनीका स्टलहरू रहेका थिए । उद्घाटन ऱ्याली विभिन्न सांस्कृतिक बाजा समूह, विद्यालय, सहकारी संस्था, नगरपालिकाका कर्मचारीहरू, स्थानीय जनता लगायतको उल्लेख्य सहभागितामा नगर परिक्रमा गरिएको थियो ।



# पढेलेखेकाहरूले सामन्तवादी कुसंस्कार नत्यागेसम्म समाज परिवर्तन गर्न गाऱ्हो हुने




भक्तपुर, २० मङ्सिर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा आदर्श आजाद कलेजको ११ औँ कलेज सभा शनिबार सम्पन्न भयो ।

सभामा अध्यक्ष बिजुक्छेँ (रोहित) ले पढेलेखेकाहरूले सामन्तवादी कुसंस्कार नत्यागेसम्म समाज परिवर्तन गर्न गाऱ्हो हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "परीक्षा नै नलिई उत्तीर्ण गराउँदा विद्यार्थीहरूमा पढ्ने बानी कम भएको हो । विश्व बैङ्कलगायत विदेशीको प्रभावमा विश्वविद्यालयका मुख्य मुख्य पदाधिकारी लागेको हुँदा नेपालको शिक्षा व्यवस्था विदेशीको लागि जनशक्ति उत्पादन गर्ने थलोमात्र बन्यो । नेपाली भूमिमै काम गर्न सक्ने योग्य जनशक्ति तयार गर्न हाम्रा कलेजहरू लाग्नु जरूरी छ ।"

उहाँले भन्नुभयो, "शिक्षक, प्राध्यापकहरूले आफ्ना छोराछोरीलाई हेरचाह गरेजस्तै सबै विद्यार्थीलाई हेरचाह गर्नुपर्छ । आजसम्म प्रधानमन्त्री र शिक्षामन्त्री भएकाहरूले देशको लागि आवश्यक शिक्षा नीति बनाउन नसक्दा देश परनिर्भरतातर्फ गइरहेको हो ।"

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "कम्युनिस्टहरूको पहिलो काम किसानहरूको पक्षमा भूमिसुधार गर्नु हो तर नेपालमा कम्युनिस्ट नाम राखेका पार्टीहरूले जोताहा किसानलाई जमिन नदिने र कमैया एवम् कमलरी मुक्तिको नाममा सामन्तहरूको सेवा गरे । नेपाल क्रान्तिकारी किसान सङ्घको सङ्घर्षको परिणाम २०२१ सालमा भएको भूमिसुधारले भक्तपुरका किसानहरूले मोहियानी हक पाएपछि यहाँका किसानहरू आर्थिकरूपमा केही सक्षम भएको हो ।"

"भक्तपुरका जनताकै रगत पसिनाबाट विद्यालय कलेजहरू स्थापना भएको हुँदा आज भक्तपुरको शिक्षामा सुधार आएको हो । सरकारको भर नपरी स्थानीय जनताकै सहयोगमा विद्यालय कलेज स्थापना र सञ्चालन भएको हुँदा

*बाँकी पृष्ठ ८ मा*

**सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं।**

❖आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
❖उपहार दिने र लिने नगरौं,
❖सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
❖सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
❖घुस लिने र दिने दुवै अपराधी हुन्,
❖सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
❖भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
❖अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,
सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# योमारी प्रतियोगिता तथा प्रदर्शनीका केही झलक





















## सङ्क्षिप्त समाचार

# दतात्रयमा युवा भेला सम्पन्न

भक्तपुर, २० मङ्सिर । नेपाल क्रान्तिकारी युवा सङ्घ ९ वडा दतात्रय भेगीय समितिको आयोजनामा स्थानीय युवाहरूको भेला सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य राजकुमार लघुले युवाहरू सैन्द्धान्तिक र राजनैतिक रूपमा परिपक्व भई समाजवादी विचारमा आवद्ध भएमात्र पुँजीवादको विरोधमा एकजुट भएर लड्न सकिन्छ भन्नुभयो ।

नेमकिपा ९ वडा एकाइ समितिका रामकृष्ण प्रजापतिले युवाहरूले सांस्कृतिक, खेलकुद र सामाजिक क्रियाकलापमार्फत समाजसँग भिज्न आवश्यक छ, वैज्ञानिक समाजवादको झण्डा उच्चो पार्न नेपाल क्रान्तिकारी युवा सङ्घमा कामदार वर्गका युवाहरू आबद्ध हुन आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा युवाहरू हरिकृष्ण दुवाल, निशान लवजुलगायतले नेक्रायुसङ्घको आवश्यकता  र सङ्गठन विस्तारबारे चर्चा गर्नुभयो ।

# बजार अनुमगनमा विभाग थप सक्रिय

काठमाडौँ, २० मङ्सिर । बजार अनुगमन तथा निरीक्षणलाई पछिल्ला दिनमा प्रभावकारी बनाइरहेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँ र ललितपुरका आठ उद्योग तथा फर्मलाई कारबाहीको दायरामा ल्याएको छ । विभागले काठमाडौँ महानगरपालिका-१७ नयाँ बजारको ओमसाइलाई रु. १५ हजार जरिवाना गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ र दफा ३८ घबमोजिमको कसुरमा सोही ऐनको दफा १ क बमोजिम कारवाही गरिएको जनाएको छ ।

विभागले पशुपति जिपर हाउस, जेएन माउण्टेन गियर, सजिन एग्रो प्याकेजिङ ईण्डष्ट, शक्ति फुड प्रालि, सुप्रिम इण्डस्ट्रिज, श्री रत्न रोलिङ मिल्स र बिरा फर्निचरलाई सामान्य निर्देशन दिएको छ । त्यसमध्ये सुप्रिम इण्डस्ट्रिजलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा सम्पर्क राख्न भनिएको छ ।

सो ऐनअनुसार आवश्यक कागजात नराखेको पाइएकाले कारबाहीको दायरामा ल्याइएको विभागले जनाएको छ । रासस

# ‘एसिया-प्यासिफिक जेरियाट्रिक्स’ सम्मेलन सुरु

काठमाडौँ, २० मङ्सिर । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा शर्माले शनिबार यहाँ ‘एसिया-प्यासिफिक जेरियाट्रिक्स नेटवर्क (एपिजिएन)’ सम्मेलनको उद्‌घाटन गर्दै हरेक परिवारले ज्येष्ठ नागरिकहरूलाई सक्रिय जीवन यापनमा सघाउनुपर्नेमा जोड दिनुभएको छ ।

साथै उहाँले देशका नीतिहरू ज्येष्ठ नागरिकमैत्री भए पनि स्रोतसाधन अभावले जति गर्नुपर्ने हो त्यति गर्न नसकिएको स्वीकार गर्नुभयो ।

“ज्येष्ठ नागरिक रोग विशेषज्ञहरूको पदहरू सिर्जना गर्न आवश्यक छ । नर्सहरूको पनि थप दरबन्दी सिर्जना गर्नुपर्छ । आर्थिक रूपमा कमजोर राष्ट्र भएर पनि हामीले ज्येष्ठ नागरिकका लागि सकेसम्म उत्तम सेवा दिन प्रयास गरिरहेका छौँ,” उहाँले भन्नुभयो ।

देशमा ३० लाख हाराहारी ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या छ । ज्येष्ठ नागरिक रोग विशेषज्ञ डा. रमेश कँडेलले जनसङ्याको अनुपातमा विशेषज्ञहरू पर्याप्त नरहेका बताउनुभयो । उहाँले भन्नुभयो, “हाल नेपालमा १० जना दर्ता गरिएका ज्येष्ठ नागरिक रोग विशेषज्ञहरू छन् जसमा ६ जना मात्र स्वदेशमा छन् ।”

जेरियाट्रिक सोसाइटी अफ नेपालका अध्यक्ष डा. उमेश बोगटीले ज्येष्ठ नागरिकहरूको स्वास्थ्यलाई सधैँ सबल राख्न क्षेत्रीय साझेदारी अत्यावश्यक भएको बताउनुभयो । सम्मेलनमा नेपालसहित २० भन्दा बढी देशका विभिन्न रोगका विशेषज्ञ चिकित्सक, ज्येष्ठ नागरिकविज्ञ, अनुसन्धानकर्ता तथा विभिन्न विश्वविद्यालयका प्राध्यापक सहभागी छन् । रासस

# टोखाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडक बत्ति’

काठमाडौँ, २० मङ्सिर । काठमाडौँको टोखा नगरपालिकाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडक बत्ति’ जडान गरिएको छ ।

टोखा नगरपालिकाको ६५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ३५ प्रतिशत लगानीमा टोखाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडक बत्ति’ जडान गरिएको हो । उक्त सडक बत्तिको नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले शुभारम्भ गर्नुभयो । स्मार्ट सडक बत्तिको शुभारम्भ गर्दै नगरप्रमुख अधिकारीले उज्यालो टोखा निर्माण गर्ने आफ्नो प्रतिबद्धता पूरा भएको बताउनुभयो । उहाँका अनुसार सामाखुसीदेखि झोर, नयाँ बसपार्कदेखि भत्केको पुल, साउथ वेस्टन कलेजदेखि धापासी हाइट र दाहालगौँडादेखि ग्रीनल्याण्ड क्षेत्रमा सडक बत्ति जडान गरिएको छ ।

टोखा नगरपालिकाले २०८१ पुस २४ गते टोखाभित्रका मुख्य सडकमा यातायात व्यवस्था प्रभावकारी बनाउन र शान्ति सुरक्षा कायम गर्न तथा सामाजिक सुरक्षालगायतका सेवा सुविधालाई चुस्त दुरुस्त राख्न सडक बत्ति जडान गर्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेको थियो । उक्त सम्झौताअनुसार टोखामा सडक बत्ति जडान गर्न नगरपालिकाले ६५ प्रतिशत र प्राधिकरणले ३५ प्रतिशत रकम व्यहोर्ने उल्लेख गरिएको थियो । सम्झौताअनुसार टोखा नगरपालिकाले रु. दुई करोड ८४ लाख ८३ हजार र प्राधिकरणले रु. एक करोड ५३ लाख ३७ हजार लगानी गर्ने उल्लेख छ ।

सडक बत्ति जडान गर्न प्रविधिको छनोट, बोलपत्रमार्फत खरिदकार्य सम्पन्न तथा निर्माणकार्यको सुपरिवेक्षणलगायत कार्य प्राधिकरणले गर्ने सम्झौतामा उल्लेख थियो । नगरपालिकाको स्वामित्वमा रहेका सोलार, सडक बत्ति जडित खम्बामा नयाँ स्मार्ट सडक बत्ति जडान गर्नुपर्ने भएमा नगरपालिकाले आफ्नै खर्चमा हटाइ दिने, नगरपालिकाले सडक बत्ति उपयोग गरेवापत प्राधिकरणलाई तिर्नुपर्ने बाँकी बक्यौता रकम कानुनबमोजिम तिर्ने, सडक बत्तिको प्रयोग गरेबापतको रकम मासिक रूपमा प्राधिकरणलाई भुक्तानी गर्ने सम्झौतामा उल्लेख थियो । रासस

# सिम्रौनगढको सभ्यता लोभ हुन लागेकोमा चिन्ता प्रकट




भक्तपुर, १९ मङ्सिर । बुक क्लव भक्तपुरको आयोजनामा ‘सिम्रौनगढसँग नेपाल मण्डलको सम्बन्ध : हिजो र आज’ विषयमा पुस्तकका लेखक रोशनकुमार झासँग शुक्रबार अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम अधिवक्ता झाको हालै प्रकाशित पुस्तक ‘नेपाल मण्डलसँग जोडिएको सिम्रौनगढको इतिहास’ को सेरोफेरोमा केन्द्रित रह्यो ।

कार्यक्रममा लेखक झाले नेपाल मण्डलको सभ्यतामा महत्त्वपूर्ण योगदान गरेको पूर्वमध्यकालीन राज्य सिम्रौनगढको उपेक्षित इतिहासलाई १८ वर्ष अध्ययन गरी प्रकाशमा ल्याएको स्पष्ट पार्नुभयो ।

भक्तपुरसँग आफ्नो पुरानो पारिवारिक नाता भएको चर्चा गर्दै लेखक झाले भन्नुभयो, “भक्तपुरले अन्य धेरै क्षेत्रको इतिहास जोगाइदिएको छ । त्यसैले भक्तपुरलाई नबुझी मधेशको इतिहास बुझ्न सकिन्न ।”

सिम्रौनगढको सभ्यता लोप हुन लागिसकेकोमा चिन्ता प्रकट गर्दै उहाँले यस क्षेत्रमा थप अध्ययन, अनुसन्धानसँगै पुरातात्विक स्थलको संरक्षणको लागि सबैजना लाग्नुपर्ने आग्रह गर्नुभयो ।

कार्यक्रममा सिम्रौनगढको इतिहास, तलेजु भवानीको आगमन, नेपाल मण्डलको कलाकृति, वास्तु, साहित्य तथा संस्कृतिमा सिम्रौनगढ वा तिरहुतेहरूको प्रभावका विभिन्न आयामबारे चर्चा भएको थियो ।

प्राध्यापक, अध्येता, पत्रकार तथा संस्कृतिकर्मीहरूको उपस्थितिमा भएको अन्तरसम्वाद कार्यक्रममा लेखकले जिज्ञासुहरूका प्रश्नको जवाफ पनि दिनुभएको थियो । संस्कृतिका अध्येता मनिष श्रेष्ठ, आर्किटेक्ट कृष्णगोपाल प्रजापति, पत्रकार कृष्ण प्रजापति, ईताछेंका बासिन्दा घनश्याम झा, संस्कृतिकी विद्यार्थी सृजना प्रजापतिले विभिन्न प्रश्न राख्नुभएको थियो ।

आयोजक बुक क्लबको तर्फबाट उज्ज्वल प्रजापतिले लेखकसँग सम्वाद गर्नुभएको थियो ।

# समावेशी नीति कार्यान्वयनको चुनौतीबारे छलफल

काठमाडौँ, २० मङ्सिर । अपाङ्गता भएका व्यक्तिको नीतिसहित यातायात, भौतिक पूर्वाधार तथा संरचनालगायत क्षेत्रमा सहज पहुँच विस्तार हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिनुभएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालद्वारा शुक्रबार ललितपुरमा आयोजित ‘समावेशी नीति तथा पहुँचसहितका कार्यान्वयनका चुनौतीहरू’ विषयक कार्यशालामा सहभागीहरूले राष्ट्रिय नीति, कानुनी संरचना तथा व्यावहारिक चुनौती, पूर्वाधारमा सहज पहुँच, समावेशी नीतिलगायत विषयमा छलफल गर्नुभएको हो ।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष देविदत्त आचार्यको सभापतित्वमा कार्यशालामा अपाङ्गता भएका व्यक्ति, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सरोकार भएका निकायका प्रतिनिधिलगायत ६० जना भन्दा बढीको सहभागिता थियो ।

डाइभर्सिटी, इक्विटी एण्ड इन्क्लुजन स्पेसलिस्ट मनोज गोहीवारले अपाङ्गतासम्बन्धी राष्ट्रिय नीतिहरू, कानुनी संरचना, व्यावहारिक चुनौती, पहुँच विस्तारलगायत विषयमा प्रस्तुतीकरण दिँदै भौतिक संरचनामा सहज पहुँच, समावेशी नीति अवलम्बन गर्नु आजको आवश्यकता भएको धारणा राख्नुभयो । उहाँले नेपालको समावेशी नीति, पूर्वाधार तथा भौतिक संरचना, हाल लागू भएका नीति र कानुन, कानुनी पहुँचसम्बन्धी व्यवस्था, स्थानीय तहमा देखिने व्यावहारिक कठिनाइलगायत विषय सुधार गर्न समावेशी नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमा सहभागी युवाले भवन निर्माण संहिताअनुसार पहुँचको अवस्था, यातायात अनुमति, सार्वजनिक सेवामा पहुँच विस्तार, अपाङ्मैत्री भौतिक संरचना, सार्वजनिक पूर्वाधार सुधारलगायत विषयमा समस्या रहेका बताएका छन् । सहभागीहरूले अपाङ्गता भएकाहरूको दैनिकी सहज बनाउन दीर्घकालीन योजनासहित कानुनी पहुँच विस्तार गर्दै अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिएका हुन् ।

समूहगत छलफलमा सहरी विकास मन्त्रालयका सहसचिव नवराज प्याकुरेल, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी प्रतिनिधि नीरादेवी अधिकारी, अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ (एआइएन) का समन्वयकर्तालगायतको सहभागिता थियो । छलफलमा सहजकर्ताका रूपमा सरिता लामिछाने हुनुहुन्थ्यो ।

कार्यक्रमको समग्र प्रतिवेदन तथा निष्कर्षमाथि नेपाल नेत्रहिन सङ्घका अध्यक्ष शिशिर खनालले विश्लेषण गर्नुभयो । उहाँले नीति, नियम र कार्यान्वयनबिचको असमानता घटाउन सरकारी संयोजन, बहुपक्षीय सहकार्य र स्थानीय तहमा व्यावहारिक सुधार अपरिहार्य रहेको टिप्पणी गर्नुभयो ।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष आचार्यले भन्नुभयो, “नेपालमा समावेशी नीतिहरू पर्याप्त छन्, तर इमान्दारीपूर्वक कार्यान्वयन भएका छैनन् । अपाङ्गता भएकाहरूको यातायात, सार्वजनिक सेवा, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पहुँच सुनिश्चितता हाम्रो सामूहिक जिम्मेवारी हो । युवाको आवाज, नेतृत्व र संरचनागत सुधारले परिवर्तन सम्भव छ ।”

फेयरमेडको आयोजनामा भएको कार्यक्रममा एआइएन, पिपुल इन निड (पिआइएन), राष्ट्रिय अपाङ्ग महासङ्घ र ह्यान्डिक्याप इन्टरनेसनल नेपालको सहकार्यमा भएको थियो । सहभागीहरूले सकारात्मक सुधारका लागि बहुपक्षीय छलफल नियमित रूपमा गर्नुपर्ने, प्राविधिक सहयोग बढाउनुपर्ने, सरकारी संयोजन प्रभावकारी बनाउनुपर्नेलगायत सुझाव दिएका छन् । रासस

# अरनिको राजमार्गको धुलिखेल-खावा सडकखण्ड विस्तार कार्य तीव्र

काभ्रेपलाञ्चोक, २० मङ्सिर । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्यलाई तीव्रता दिइएको छ । रोकिएको विस्तारकार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता कार्य गरिएपछि पुन:स्तरोन्नतिको काम सुरु गरिएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सि-एन ए-वान काली जेभीसँग सम्झौता गरिएको छ । भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिनुभयो । पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्रे सक्ने र बाँकी अन्य बाँकी काम क्रमश: गर्दै निर्धारित समयमा सकिने उहाँको भनाइ छ । विभिन्न स्थानमा ‘कटिङ’ को कामबाट पुन:विस्तारकार्यलाई तीव्रता दिइएको हो ।

निर्माण कार्यमा ढिलासुस्ती गर्दा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुन: बोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताउनुभयो ।

उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम गौरी-पार्वतीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

यसअघि धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा ‘कटिङ’ को काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । विसं २०८१ जेठमा धुलिखेलतर्फबाट बेश, सब-बेश हाल्ने काम सुरु गरिए पनि पटकपटकको बर्खामा सबै बगाएर खण्डहरझैँ बनाएको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन ।

अरनिको राजमार्ग हुँदै नेपालको चिनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य भएका छन् । सडक निर्माणको काम समयमा नसकिँदा पुन:निर्माणका लागि भत्काइएको सडकमा दुर्घटना हुँदा सयौँ यात्री घाइते भइसकेका छन् ।

केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाई कालोपत्र गर्न लागिएको थियो । उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारबहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्रे डिबिएम र आस्फाल कालोपत्रे गर्ने कार्यालयले योजना बनाएको छ । रासस

। सम्पादकीय ।

# निहुँ खोज्दै हिंड्ने अमेरिकी साम्राज्यवाद

शताब्दीऔंदेखि विश्वका आम जनता शान्ति, समृद्धि र आ-आफ्ना सभ्यता, संस्कृति र पहिचानलाई जोगाएर राख्न चाहन्छन् । तर नरसंहारकारी यूरोपेली तथा अमेरिकी साम्राज्यवादी शक्तिले एसिया, अफ्रिका र दक्षिण अमेरिकी महाद्वीपहरूमाथि आक्रमण गरेर आ-आफ्ना उपनिवेशहरू बनाए र यी गोरा यूरोपेली मुलुकहरूले उपनिवेश बनाएर त्यहाँका जनताका सभ्यता, संस्कृति र स्वतन्त्रतालाई ध्वस्त पारे । जुन जुन मुलुकका साम्राज्यवादी शासकहरूले जहाँ जहाँ अधिकार जमाए त्यहाँ त्यहाँ आ-आफ्ना भाषा, संस्कृति, नीति नियमहरू जबरजस्ती थोपरे । त्यहाको स्रोतसाधन र मानव स्रोतहरूको लुटपाट र चरम दोहन गरी आफू समृद्ध भए ।

सन् १९९१ मा शीतयुद्धको समाप्तिले आणविक युद्धको अन्त्य भएको भ्रम छरिए तापनि युद्धहरू निरन्तर रूपले विभिन्न मुलुकहरूमा अमेरिकी साम्राज्यवादले चलाइरहेको छ । शीतयुद्ध पछि अमेरिकाले दुई सय एकाउन्न स्थानमा सैन्य हस्तक्षेप गरेको छ । युद्धपिपासु अमेरिकी साम्राज्यवाद र मतियार यूरोपेली नाटो सम्बद्ध मुलुकहरूले इराक, अफगानिस्तान, लिविया, प्यालेस्टिन, लेवनान सिरिया आदि मुलुकहरूलाई ध्वस्त पारेर त्यहाँका जनतालाई गरिबीमा डुबाएर असीम कष्ट पुऱ्याइरहेछन् । तर, पनि इराकमा अकन्टक रूपले शासनसत्ता चलाउन सकेको छैन भने अफगानिस्तानमा लज्जाजनक रूपले परास्त भएर भाग्यो । अमेरिकी साम्राज्यवादलाई समर्थन गर्ने अफगानिस्तानीहरूलाई अमेरिकाले न शरण दिन्छ न त तालिवानी कट्टरपन्थी शासकहरूले सताउन र दण्डित गर्न छोड्छन् ।

कुनै बेला प्रजातन्त्र रक्षाको नाममा कोरियालाई विभाजन गरेर स्वतन्त्रताप्रेमी कोरियाली जनताविरूद्ध त कुनै बेला स्वधीनताप्रेमी भियतनामी जनताविरूद्ध युद्ध छेडेको अमेरिकी साम्राज्यवाद आज आफ्नै एक छिमेकी राष्ट्र भेनेजुयलामाथि आक्रमणको लागि तम्तयार छ । एकातिर विश्व शान्तिको निम्ति आफूले गरेको पहलका लागि आफूलाई नोवेल शान्ति पुरस्कार दिइनुपर्छ भनी दाबी गरेर नथाक्ने बदनाम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका सहयोगीहरू अर्कोतिर दक्षिण अमेरिकी देश भेनेजुयलामाथि हमला गर्न उद्यत छन् । उनीहरूको वास्तविक लक्ष्य भेनेजुयलाको पेट्रोलियम र सुन खानी हुन् भने भेनेजुयलामामाथि हमला गर्न प्रयोग गरिएको बहाना कथित लागु पदार्थको तस्करहरूमाथिको कारवाही हो । लागुपदार्थ तस्करी रोक्न अमेरिकी सेनाले अमेरिकाको समुद्र किनार र विमानस्थलमा निगरानी गरेमात्र पनि पुग्छ, भेनेजुयलासम्म पुग्नैपर्दैन, निर्दोष भेनेजुयाली जनताको ज्यान लिनु पर्दैन ।

विश्वमा आज सं.रा. अमेरिकालाई एक देशको रूपमा भन्दा पनि एक साम्राज्यको रूपमा बढी हेर्ने गरिन्छ । त्यसको कारक अरू कोही नभएर संरा अमेरिकी शासक वर्ग र त्यहाँको शासकीय र विदेश नीति हो । संरा अमेरिकाका संस्थापकहरूले आफूले स्थापना गरेको देश एक शक्तिशाली र समृद्ध देश होस् भनी पक्कै चाहेका थिएन होलान् तर साम्राज्यवादी र उपनिवेशवादी बनोस् भनी पक्कै चाहेका थिएनन् होला । तर, पुँजीवादी शासन प्रणाली अङ्गालेर अघि बढेको देशको नियति साम्राज्यवादमा पतन हुनु नै थियो । हुन त संरा अमेरिकामा प्रत्येक चार वर्षमा राष्ट्रपतिको निर्वाचन हुन्छ र राष्ट्रपतिहरू पनि बदलिन्छन् । कहिलेकाहीँ आफूलाई युद्धविरोधी र शानितप्रेमी दावी गर्ने राष्ट्रपति पनि चुनिन्छ तर अमेरिकी शासकीय नीतिमा खासै कुनै परिवर्तन हुँदैन । शासकहरूको चाहनाले वा असलपनाले राज्य व्यवस्थामा खासै कुनै प्रभाव पार्दैन । महान राजनीतिक सिद्धान्तकार लेनिनले स्पष्ट लेख्नुभएको छ-साम्राज्यवाद भनेको पतनोन्मुख पुँजीवादको अन्तिम चरण हो । अर्थात् पुँजीवादको चरम विकासले कुनै पनि राज्यलाई साम्राज्यवादतिर डोऱ्याउँछ ।

अमेरिकी साम्राज्यवादले दोस्रो विश्वयुद्धको समाप्तियता अझै साम्राज्यवादको नाइकेको भूमिका निर्वाह गर्दै छ । उसको आक्रमणकारी चरित्रमा अलिकति पनि हेरफेर भएको छैन । जब जब साम्राज्यवादीहरू अप्ठ्यारो स्थितिमा पर्छन् तब तब प्रजातन्त्र, सुरक्षा र शान्तिको ध्वाङ फुक्छन् । अमेरिकी साम्राज्यवादीहरू आन्तरिक र बाह्यरूपमा गम्भीर सङ्कटको सामना गर्दै छन् । विश्वमा उनीहरू बदनामसँगै पतन हुँदै छन् । अमेरिकाभित्रै अमेरिकी जनताको युद्धविरोधी आन्दोलन चालु छ । संसारका स्वाभिमानी, स्वाधीनताप्रेमी, शान्तिकामी जनताले अमेरिकी साम्राज्यवादको खुलमखुला विरोध गरिरहेका छन् । साम्राज्यवादको विरोधमा हरेक दिनझैं जुलुस प्रदर्शन तथा सभा गरिरहेका छन् । यो अमेरिकी साम्राज्यवादको संसारमा बदनाम मात्र होइन पतनको सङ्केत पनि हो । शान्ति, सुरक्षा, विकास चाहने देशभक्त, क्रान्तिकारी र प्रगतिशील तथा सङ्घर्षशील जनताले 'शान्ति' र 'प्रजातन्त्र' को पर्दाभित्र लुकेका अमेरिकी साम्राज्यवादीहरूले बढाएका आक्रमण, युद्ध गर्ने, गराउने र युद्ध गराउन उक्साउने कार्यको एकै स्वरमा विरोध गरिरहेका छन् । उनीहरूले अमेरिकाले गरेको ज्यादती, दमन, हस्तक्षेप र आक्रमणलाई एक एक गरी हेरिरहेका छन् र समीक्षा गरिरहेका छन् ।

अमेरिकी साम्राज्यवादको विरोधमा हिजो भियतनामी जनताले वीरतापूर्ण लडेका थिए । साम्राज्यवादविरूद्ध कम्बोडिया र लाओसका जनताले लडेको पनि इतिहास छ । आज साम्राज्यवादविरूद्ध लड्न क्युबाली, भेनेजुयालीलगायत ल्याटिन अमेरिकी देशका जनता तयार छन् । कोरिया, चीन, भियतनाम, कम्बोडिया, लाओस र अरू एसियाली देशका जनताले साम्राज्यवादी नीति र त्यसको चलखेलविरूद्ध अझै न्यायपूर्ण सङ्घर्ष गरिरहेका छन् । अमेरिकी साम्राज्यवादले अन्तर्राष्ट्रिय महासन्धि र कानुनहरू तथा संयुक्त राष्ट्र सङ्घको मूल्य र मान्यताको खिल्ली उडाइरहेको छ । संयुक्त राष्ट्र सङ्घ अमेरिकाको कठपुतली बन्नुहुँदैन । संयुक्त राष्ट्र सङ्घको बदनाम गर्ने, संयुक्त राष्ट्र सङ्घलाई उपयोग गरेर संसारका मुलुकलाई आफ्नो प्रभाव जमाउने, उपनिवेश बनाइरहेकोतर्फ सारा विश्व सचेत र सजग हुनुपर्छ । सबैतिर निहुँ खोज्दै हिँड्ने अमेरिकी साम्राज्यवादको पतन निश्चित छ ।

# डिजिटल युगसँगै बढ्दो डिजिटल अपराध, विद्यमान कानुन अपर्याप्त



**रामप्रसाद प्रजापति**

### डिजिटल युग

केही दशक अगाडिबाट सुरु भएको डिजिटल युग अहिले एउटा उत्कर्षमा पुगेको महसुस गरिँदै छ ।

नेपालमा गत भदौ २३ र २४ मा भएको प्रदर्शनको योजना, निर्देशन, प्रधानमन्त्री छनोटको प्रक्रियालगायतका अधिकांश निर्णयहरू डिजिटल माध्यमबाट भए गरेको अनुभव धेरैले गरेकै हुनुपर्छ ।

'अनलाईन डिस्कर्ड' को बारेमा धेरैलाई थाहा थिएन । तर, जब भदौमा जेनजी अर्थात् डिजिटल युगका युवाहरूको चर्चा हुन थाल्यो । जेन-जीको प्रदर्शनलगायतका गतिविधि साकार बनाउन अनलाइन डिस्कर्डले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको देखियो ।

अनलाइनमा एकै पटक लाखौं जना चिनजान भएका नभएका मानिसहरू सहभागी भएर खेल खेल्न, छलफल गर्न, निर्देशन दिन सकिने नि:शुल्क अनलाइन प्लेटफर्म हो 'डिस्कर्ड' ।

नेपालमा अनलाइन सामाजिक सञ्जालको सुरुबाट सन् २००५ देखि देखिन थालेको हो । तर इन्टरनेटको व्यापक प्रयोग भइनसकेकाले सामाजिक सञ्जालमा नेपालीहरूको सहभागिता उल्लेख्य थिएन ।

तर सन् २०१० देखि नेपालमा सामाजिक सञ्जाल लोकप्रिय हुनुका साथै तीब्र रूपमा फैलिएको देखिन्छ ।

सन् २००७ देखि २०१० सम्म नेपालमा फेसबुकको प्रयोगकर्ता बढ्न थालेको र सन् २०१३ देखि नेपालमा इन्टरनेटको महशुल सस्तो हुन थालेपछि यसको प्रयोगकर्ता निकै बढेको देखिन्छ ।

सन् २०१८ देखि टिकटकलगायतका सामाजिक सञ्जालको प्रयोगकर्ता बढ्दै जाँदा नेपाल पनि डिजिटल युगमा प्रवेश गरेको भान सबैले गरेकै हुनुपर्छ ।

अनलाइन बैङ्किङ, अनलाइन व्यापार, अनलाइन काम, अनलाइन उपचार, अनलाइनबाटै दैनिक जनजीवनका धेरै गतिविधिहरू सञ्चालन हुन थालेपछि नेपालीहरूको दैनिक जनजीवनमा अनलाइन (डिजिटल) प्रयोगकर्ताहरूको सबै किसिमका गतिविधिहरूमा आपराधिक क्रियाकलापहरू पनि बढ्न थाल्यो ।

बैङ्किङ क्षेत्रमा अनलाइनमार्फत ह्याकिङ गरेर एकको खातामा रहेको रकम अरूको खातामा सार्ने, बैङ्क खातामा रहेको पैसा अपरिचित अनलाइन एकाउण्टबाट झिक्ने आदि इत्यादि ।

त्यसैगरी अनलाइनमार्फत साथी सर्कल, सामाजिक सञ्जालमा सहभागी भएका किशोर किशोरीहरूबिचको सम्बन्ध, परिवारका सदस्य, पति पत्नीबिचको सम्बन्धमा पनि सुरुआतमा सम्पर्क बढ्दै माया प्रेम, सूचना सञ्चार र विभिन्न गतिविधि अनलाइन लाइभमार्फत सँगै बसेर हेर्न र अनुभूत गर्न सकिने वातावरण बनेकोमा विस्तारै अनलाइनमा व्यक्त विचार, गोप्यता भङ्ग, गलत सूचना, अनावश्यक रूपमा गरिने देखासिकीका गतिविधिहरूले विस्तारै सम्बन्धहरूमा दरार उत्पन्न हुनुका साथै ती कमजोर सम्बन्ध र असमझदारीहरू आपराधिक क्रियाकलापमा परिणत हुने गरेको विभिन्न अध्ययन प्रतिवेदनहरू सार्वजनिक भएका छन् ।

### डिजिटल हिंसा

नेपाल प्रहरी साइबर ब्युरोका अधिकृतहरूले २०७८ मा एउटा अनुसन्धान गर्दा पक्राउ परेका २० वर्षीय केटाको मोबाइलबाट ४६ जना किशोरीहरूको नग्न फोटो तथा भिडियोहरू बरामद भए । सुरुमा प्रहरीले किशोरीहरूको फोटो तथा भिडियो फोटोसप वा अन्य कुनै डिजिटल माध्यमबाट बनाएको हुन सक्ने अनुमान गरे तर जाँचपडताल गरी हेर्दा ती सबै फोटो तथा भिडियोहरू सक्कली नै भएको तथ्य खुलेपछि प्रहरी आश्चर्य चकित परेको बताए ।

विगतमा काठमाडौं उपत्यकामा मात्र दर्ता हुन आउने साइबर अपराधको मुद्दा अहिले ७७ वटै जिल्लाबाट अनुसन्धान र कारबाही हुन थालेको बताइन्छ । तर, साइबर अपराधका विज्ञहरूको अभावले नेपाल प्रहरीले उपत्यकामा मात्रै साइबर ब्युरो रहेको पनि बताइन्छ । अन्य जिल्लामा परेका आपराधिक क्रियाकलापको अनुसन्धान गर्न काठमाडौं ब्युरोलाई गुहार्नुपर्ने बाध्यात्मक स्थिति छ ।

साइबर अपराध अर्थात् डिजिटल हिंसाका बारेमा नेपालमा पर्याप्त कानुनी व्यवस्था रहेको देखिँदैन ।

साइबर अपराध अर्थात् डिजिटल हिंसाका बारेमा उजुरी गरेपछि प्रहरीले कारबाही गर्न विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अनुसार मुद्दा अगाडि बढाउने गरेको पाइन्छ, जुन पर्याप्त होइन ।

अहिले जुन गतिमा साइबर अपराध, डिजिटल हिंसा, डिजिटल डाटाको व्यापार बढ्दो छ । यसका अवयवहरूलाई नियन्त्रण गर्न र पीडित पक्षलाई तत्काल न्याय दिलाउन नेपाल सरकारले पर्याप्त कानुनी व्यवस्थासहितको ऐन जारी गर्नुका साथै नेपाल प्रहरी र अनुसन्धान गर्ने निकायहरूलाई कानुनी अधिकारका साथै पर्याप्त स्रोत साधनको बन्दोबस्त गर्नु जरुरी छ ।

### महिलामाथि डिजिटल हिंसा झन् बढ्दो

अहिले प्रहरीकोमा उजुरी आउने सबैभन्दा बढी घटना बदलाको भावनाले गर्न क्रियाकलाप तथा वारदातका सम्बन्धमा हुने गरेको, त्यसमा पनि पहिलो केटाकेटी साथी वा रिलेशनसिपमा रहने गरेको वा पति पत्नीको बिचमा भएका सम्बन्ध कमजोर तथा बिग्रिएपछि आपत्तिजनक तस्बिर, भिडियो, विवरण तथा अन्य सामग्री सार्वजनिक गरिदिने वा सार्वजनिक गरिदिने धम्की दिने गरेको देखिएको प्रहरीको तथ्याङ्क रहेको छ ।

महिलाहरूमाथि हुने डिजिटल हिंसासम्बन्धी साइबर अपराधका उजुरी मात्रै बर्सेनि ९ हजारभन्दा बढी उजुरी आउने गरेको नेपाल प्रहरीको तथ्याङ्क छ । उजुरी नै गर्न नसकेका वा आफै मिलाउने गरेका वा आत्मसमर्पण गर्ने गरेका घटनाका बारेमा प्रहरीलाई थाहा हुने कुरै भएन ।

संसारका ३८ प्रतिशत महिलाले अनलाइन हिंसाको अनुभव गरेको बताइन्छ ।

यसबाहेक अन्य व्यापारिक तथा बैङ्किङ क्षेत्रमा हुने डिजिटल हिंसा तथा अपराधका बारेमा असाध्यै धेरै उजुरी तथा समस्याहरू आउने गरेको जगजाहेर छ ।

नेपालको बैङ्किङ क्षेत्रमा बर्सेनि १२ हजार भन्दा बढी उजुरी दर्ता भएको तथ्याङ्क छ । बर्सेनि करिब ६ हजार शङ्कास्पद कारोबार भएको नेपाल राष्ट्र बैङ्कको प्रतिवेदन छ ।

प्रविधिको विकाससँगै हिंसाका स्वरूप पनि फेरिँदै छ । राजनीतिक वृत्तमा पनि साइबर बुलिङ, ट्रोलिङ, अनलाइन धम्की, दुर्व्यवहार र घृणास्पद अभिव्यक्ति बढ्दो छ ।

राजनीतिक वृत्तमा मात्रै नभएर व्यापार व्यवसाय, शिक्षा, स्वास्थ्य र रोजगारी क्षेत्रलगायत हरेक क्षेत्रमा डिजिटल हिंसा, अनलाइन आपराधिक गतिविधि बढ्दै जाँदा नेपालले यसको नियन्त्रण र न्यूनीकरणको लागि आवश्यक कानुनी बन्दोबस्त मिलाउन ढिला गर्न हुँदैन ।

विश्व डिजिटल युगमा प्रवेश गरेसँगै मानव मस्तिष्कको तथ्याङ्क (डाटा) को व्यापारको युगमा पुग्दै गर्दा नेपाल निकै पछाडि रहेको महसुस गरिएको छ ।

विचारमा भिन्नता भएपछि असहमत भएको कुरालाई सभ्य भाषामा छलफल गर्ने बानीको विकास गर्न सके बढ्दो डिजिटल हिंसा नियन्त्रण गर्न मद्दत मिल्ने देखिन्छ ।

यसको लागि पुस्तक अध्ययन, प्रत्यक्ष रूपमा सामाजिक सम्बन्ध, छलफललगायतका गतिविधिहरू विद्यालय, कलेजलगायत सबै कार्यक्षेत्रमा हुनु आवश्यक देखिन्छ ।

*२०८२ मङ्सिर १४*

# के महिनावारी हुनु पाप हो ?

**अरूणा उप्रेती**

अझ केही महिला अधिकारकर्मी, सिने कलाकारले पनि 'महिनावारी रगत दूषित नै हो, यो बेलामा नकारात्मक ऊर्जा पैदा हुन्छ' भन्ने जस्ता गलत धारणा व्यक्त गर्दाचाहिँ महसुस हुन्छ– हाम्रो अध्ययनको धरातल र विचार अझै पनि १८ औं शताब्दी वरपर नै छ । महिनावारी हुनु प्रजननको एक महत्त्वपूर्ण पक्ष हो भन्ने बुझ्न महिलाले पनि यसो भन्छन् ।

अझ केही डाक्टरहरूले त दसैं-तिहारमा महिनावारी हुनबाट रोक्न के गर्ने, कस्तो औषधि खाने भनेर लेख्छन् र भ्रम पैदा गर्छन् ।

महिलाको महिनावारीलाई 'अपवित्र' भन्नेहरूले भारतको ... महिनावारीलाई चाहिँ पवित्र मान्छन् । हरेक वर्ष असार महिना (२२ जुन) मा चार दिनका लागि कामक्षाको मन्दिरको ढोका बन्द हुन्छ, किनभने त्यतिबेला 'देवी' रजस्वला भएकी हुन्छिन् । चार दिनपछि देवीले 'महिनावारी व्यवस्थापन गर्न प्रयोग गरेको कपडा' चाहिँ प्रसादको रूपमा सबैलाई बाँडिन्छ । त्यो प्रसाद हारालुछ हुन्छ । देवीले महिनावारीको बेलामा प्रयोग गर्ने कपडा 'शुद्ध' अनि महिलाहरू महिनावारी हुँदा किन अशुद्ध ? यी प्रश्नहरूको उत्तर कुनै पनि धर्मगुरुले दिन सक्लान् ?

भारतको केरलास्थित शबरीमाला मन्दिरमा प्रजनन उमेरका किशोरी र महिला (१२-४९ उमेरसम्म) लाई मन्दिरभित्र प्रवेश निषेध छ । केही वर्षअघि महिला अधिकारकर्मीहरूले मुद्दा हालेर अदालतले चाहिँ 'प्रवेश गर्न पाउने' भनी दिएको आदेशले गर्दा राजनीतिक मुद्दाले केरलाको राजनीतिलाई पनि तताएको थियो । भारतीय जनता पार्टीका कार्यकर्ताहरूचाहिँ 'हजारौं वर्षदेखि चलिआएको धार्मिक भावनालाई आदर गर्दै महिलालाई मन्दिरभित्र जान दिन हुँदैन' भन्दै अदालतको आदेशविरुद्ध गए । अर्थात् त्यत्रो ठूलो लोकतान्त्रिक देशमा समेत 'महिनावारी अशुद्ध' नै हुन्छ भनेर ठूला राजनीतिक दलका नेताहरूले गलत र अवैज्ञानिक कुरा गर्छन् भने के भन्ने ?

सो मन्दिरका पुजारीहरूले पनि 'महिनावारी हुने महिलाहरू मन्दिरमा पसे भने त्यहाँभित्रका देवता महिलाको शरीर देखेर लोभिन्छन्,' भन्ने विचारले प्रजनन उमेरका महिलाहरूलाई त्यहाँ जान दिनु हुँदैन भन्ने तर्क वरपर घुमेका देखिन्छन् । अर्थात् मन्दिरभित्र पस्ने कुरा पनि महिलाको यौनिकतासँग जोडिएको छ । हजारौं वर्षपहिलेको 'ज्ञान' महिनावारी अपवित्र हो भन्ने कुरा अहिले अवैज्ञानिक हो भन्ने कुरा सिद्ध भइसकेको छ, तर पुजारीहरू 'हजारौं वर्षअघिकै कुरा' ठीक ठान्छन् । उनीहरूले यसरी महिलाको शरीरलाई अपमानित गरिरहेका छन्, नेपालमा महिलालाई छाउपडीमा राखेजस्तै ।

महिनावारी हुने महिलाहरूलाई शबरीमाला मन्दिरमा पस्न नदिने धार्मिक गुरु र राजनीतिक दलका नेताहरूलाई अहिलेको विज्ञानसँग आधुनिक शरीर विज्ञानको ज्ञान छैन भन्ने स्पष्ट हुन्छ । पहिले-पहिले १३-१४ वर्ष पुगेपछि बालिकाको रजस्वला (महिनावारी) हुन्थ्यो । प्राय: ४४-४५ देखि ४९ वर्षसम्ममा महिनावारी सुकिसक्थ्यो । अहिले त ८-९ वर्षकी बालिका पनि रजस्वला हुन्छिन् । अहिले ५० वर्ष र कोही-कोही ५२-५५ वर्षसम्मका महिला पनि रजस्वला हुन्छन् । तर, यो ज्ञान नभएकाले नै ५० वर्षपछिका उमेर पुगेका महिलालाई चाहिँ शबरीमाला मन्दिरमा पस्न दिने रहेछ । यदि ती महिलाको रजस्वला सुचारु नै छ भने पनि पुजारीलाई के थाहा ?

रजस्वला उमेरका महिलाहरूलाई मन्दिरमा पस्न नदिने कारण के महिलाहरूको यौनिकतालाई ध्यानमा राखिएर गरिएको होइन ? यदि ५२ वर्षकी महिलाको महिनावारी सुकेको छैन भनेचाहिँ शबरीमाला मन्दिरका देवताले कसरी थाहा पाउलान् ? यदि नौ वर्षकी बालिकाको महिनावारी सुरु भइसकेको भए पुजारीले के चिह्न देख्लान् ? यस्ता प्रश्न गर्न सक्ने साहस प्राय: समाजमा छैन ।

नेपालमा छाउगोठमा सुत्दा किशोरीको मृत्यु भएका समाचारहरू बारम्बार आइरहन्छन् । अहिले माओवादीहरू केही बोल्दैनन् । 'तर छाउपडीचाहिँ पहिले त ठीकै त थियो नि, गरिबहरूको घरमा भिन्दै कोठा थिएन । त्यसैले छाउगोठमा पठाएको, महिलालाई चार दिन आराम गर्न दिएको' भन्ने नेताहरू, सरकारी कर्मचारीहरू पनि छाउगोठमा महिलालाई पठाएर र गाईभैंसीलाई १० भारी घाँस लिन पठाएर कसरी आराम मिल्छ ? सर्पले टोकेर, आगोले पोलेर छाउगोठमा बस्दा बलात्कार भएकी महिलाको कसरी सुरक्षा हुन सक्छ भन्ने प्रश्नको चाहिँ छलफल हुँदैन । किनभने महिलाको 'महिनावारी' एक सांस्कृतिक मुद्दा हो र यो धर्मसँग समेत जोडिएको छ । कोही पनि डराएर बोल्न चाहँदैनन् ।

# जारशाही संसद्‌मा बोल्शेभिक सांसद – ३३

● ए. बादायेभ

'स्वतन्त्रता' को यस्तो विकृत संस्करणलाई कालासयबहुल सदनले वाक स्वतन्त्रतासम्बन्धी विधेयकमा घुसाउन खोज्यो । यस्तो स्थितिमा सामाजिक जनवादी समूहले सांसदलाई 'दण्ड नलाग्ने' विधेयकबारे बहस र अनुमोदन प्रक्रिया चलुञ्जेल संसद्का सम्पूर्ण कामकारबाही बन्द गर्न प्रस्ताव गर्‍यो । तर, उदारवादीहरू हतारमा देखिए । उनीहरूले विधेयक पास नहुँदासम्म बजेटसम्बन्धी बहस मुल्तबीमा राख्न प्रस्ताव अघि सारे । तर, यो प्रस्ताव सफल भएन । एकहिसाबले भन्ने हो भने उदारवादीहरूले समेत राहतको सास फेरे । तैपनि दुवै सामाजिक जनवादी समूह र त्रुदोभिकहरूले हिम्मत हारेनन् । उनीहरूले बजेटसम्बन्धी छलफल रोक्न सदन अवरुद्ध पार्ने योजना बनाए । देशमा क्रान्तिकारी भावना मौलाइरहेको बेला सदनमा यसप्रकारको प्रदर्शनले ठुलो महत्त्व राख्ने पक्का थियो । सदनमा सरकारविरुद्ध एकाध जोडदार भाषण गर्नुभन्दा यो कदमले वजन बढी हुने निश्चित थियो ।

बजेटसम्बन्धी पहिलो बहसकै बेला 'प्राभ्दा' पत्रिकाको दोस्रो वार्षिकोत्सव थियो । हाम्रो पार्टीले यसलाई 'श्रमिक प्रेस दिवस' को रूपमा मनाउने निर्णय गर्‍यो । सो अवसरमा सेन्ट पिटर्सबर्गका मजदुरहरूले जुलुसको आयोजना गरे । पत्रिकाको सम्पादन कार्यालयमा थुप्रै शुभकामना सन्देश प्राप्त भयो । 'प्राभ्दा' को 'फलामे' कोषका लागि चन्दा प्राप्त भयो । 'प्राभ्दा' को विशेष संस्करणको व्यापक वितरण भयो । त्यो दिन मात्र पत्रिकाको १ लाख ३० हजार प्रति बिक्री भयो । मजदुरहरूको यो हर्षोल्लास देखेर सदनमा हाम्रो प्रदर्शनले जनआन्दोलनलाई अगाडि बढाउन टेवा पुग्ने र समस्त मजदुर वर्गले हामीलाई समर्थन गर्नेमा हामी आश्वस्त भयौँ ।

अप्रिल २२ गते सदनमा बैठक सुरु हुनुभन्दा अगाडि नै दुई सामाजिक जनवादी समूह र त्रुदोभिकहरूले एउटा प्रस्ताव राख्यौँ । वाक स्वतन्त्रतासम्बन्धी विधेयक ऐन नबन्दासम्म बजेटको बहस पछि सार्ने प्रस्ताव राख्यौँ । बजेट आयोगका प्रतिनिधिहरूले बोल्ने बेला तीन समूहका सदस्यहरू आगामी कार्यक्रमका लागि बैठक हलबाट बाहिरिए । हामीले वित्तमन्त्री बार्कको मन्तव्य सुरु हुने बेला फर्किने र उनलाई बोल्न नदिने निधो गर्‍यौँ ।

बार्कको साटो सदनमा मन्त्रिपरिषद्का नयाँ अध्यक्ष गोरेमिकिन आए । सबैलाई हटाउँदै उनी सदनको मञ्चमा उक्ले । वयोवृद्ध गोरेमिकिनलाई कोकोभ्त्सेभको स्थानमा जारशाही सरकारको प्रधानमन्त्री नियुक्त गरिएको थियो । किनभने, कोकोभ्त्सेभलाई कोमल मन भएको र उदार मानिन्थ्यो । दिन प्रतिदिन चर्किँदै गइरहेको क्रान्तिकारी आन्दोलनलाई निर्ममतापूर्वक दबाउनका लागि नयाँ प्रधानमन्त्री नियुक्त गरिएको थियो । यसकारण, संसद् अवरुद्ध गर्ने हाम्रो योजना हामीले आस गरेभन्दा पनि उत्तम हुने भयो । यो अवरोध अब सिधै सरकार प्रमुखविरुद्ध लक्षित हुने भयो । यसको अर्थ हाम्रो कदम जारशाहीविरुद्ध प्रदर्शनमा बदलिने भयो ।

गोरिमिकिनले बोल्न मात्र थालेका थिए, "राज्य ड्युमाका भद्र सदस्यहरू ।..." यत्तिकैमा वामपन्थी हातामा गर्जन सुरु भयो । 'सांसद्हरूलाई वाक स्वतन्त्रता चाहिन्छ-चाहिन्छ ।' यो नाराले प्रमको आवाज छायाँमा पर्‍यो । हल्ला रोक्न असमर्थ भएर रोद्जानकोले गोरेमिकिनसँग माफी मागे र संलग्न सांसदहरूलाई आगामी पन्ध्र बैठकका लागि निलम्बित गरे । त्यसपछि गोरेमिकिनले मञ्च छोडे । उनको साटो दण्डित सांसदहरू मञ्चमा उक्ले । सदनको नियम अनुसार तीमध्ये प्रत्येकलाई निकालिनु अघि आफ्नो बचाउमा बोल्ने हक थियो । पालैपालो उनीहरूले जोडदार विरोध जनाए । मौकाको फाइदा उठाउँदै '६ बोल्शेभिकहरू' ले सरकारको भर्त्सना गरे र उदारवादीहरूको लाछीपन र दुर्बलता छताछुल्ल पारिदिए ।

निलम्बन प्रक्रिया भटाभट अघि बढ्यो । कसैले प्रतिकार गरे रोद्जान्कोले तुरुन्तै कुरा काटिदिन्थे । केही निलम्बित सांसदहरूले संसद् भवन छोड्न मानेनन् । त्यसपछि प्रक्रिया यसरी अघि बढ्यो । रोद्जान्कोले केही समयलाई बैठक स्थगन गरे । यही अन्तरालमा सभा भवनमा सैन्य दस्ता आइपुग्यो । सैनिकहरूले छेकबार लगाए । अधिकारीहरू निलम्बित सदस्यसामु गए र उनलाई बाहिर निकाल्न भने । यसपछि सेनासँग केही सिप नचल्ने भएर ती सांसद लुरुलुरु बाहिर गए ।


संसद्को इतिहासमा यस्तो बलप्रयोग कहिल्यै भएको थिएन । मन्त्रीहरूबस्ने हाता भरिभराउ थियो । सबै मन्त्रीले रोद्जान्कोको प्रभावकारी सेवालाई ध्यानपूर्वक नजर लगाए । एकजना सांसद्लाई हटाइसकेपछि बैठक सुचारु भयो । पूरै प्रक्रिया पुनः अगाडि बढ्यो । आपत्ति जनाउने सबै सांसदलाई बाहिर निकालेपछि जोरेमिकिन फेरि मञ्चमा देखापरे । उनी एक शब्द बोल्न सकेनन् । फेरि एकपल्ट भवनभित्रै रहेका वामपन्थी समूहका सांसदले अवरोध गरे । दक्षिणपन्थीहरूले कुर्लिए, "यिनीहरू सबैलाई बर्खास्त गर्नुस् ।" रोद्जान्कोले पुनः माफी मागे र सांसदहरूलाई बाहिर खेद्ने प्रक्रिया चलाए ।

तेस्रोपल्ट पनि गोरेमिकिनले अवरोध खेप्नुपर्‍यो । यसपालि उनले वामपन्थी हाताबाट टेबल ठोकेको र चिच्याएको आवाज सुन्नुपर्‍यो । तीन संसदीय समूहका केही न केही सदस्य बचुञ्जेल निलम्बन र बल प्रयोगबाट निकालाको सिलसिला चलिरह्यो । तब गएर मन्त्रिपरिषद् अध्यक्षले बोल्न सके । उनले आपसी समझदारी, साझा काम र भर्खरै भएको 'सन्तापपूर्ण घटना' जस्ता केही अस्पष्ट शब्द उच्चारण गरे । त्यसपछि वित्तमन्त्री बार्कको पालो आयो । वामपन्थी सांसदहरूका 'हानिकारक' मन्तव्यबाट मुक्त भएपछि सदनले बजेटबारे छलफल सुरु गर्‍यो ।

यो निलम्बन प्रक्रिया चलिरहँदा क्याडेट र प्रगतिशील सांसदहरूको व्यवहार एकदम नमुना उदारवादीको रह्यो । उनीहरूको वास्तवमा घाँटी प्रतिक्रान्तिकारी शक्तिसँग जोडिएको थियो । हिजोमात्र वाक स्वतन्त्रताका ठुलाठुला शब्द फलाक्ने उदारवादीहरूले संसद् अवरोधमा भाग लिएनन् । बरु तीमध्ये केहीले त रोद्जान्कोले चालेको निलम्बन प्रक्रियाको पक्षमा मत दिए । कतिपयले मतदानमा भाग नलिएको सही हो । तर, एकजनाले पनि विपक्षमा मत हाल्ने आँट गरेन । अझ आफ्नो मुखपत्रमा क्याडेटहरूले बलप्रयोगको पक्ष लिए । उनीहरूको तर्क थियो, "यो नृशंस भौतिक बल प्रयोग थिएन बरु जनतालाई प्रतिनिधित्व गर्ने संस्थानका प्रमुखको आदेशमा क्रियाशील अनुशासन पालन गराउने निकायको कार्य थियो ।" क्याडेटहरूले खुलेरै जारशाही निरङ्कुशतन्त्र र कालासयहरूप्रति आफ्नो नाङ्गो चाकडी बजाए ।

हामीमाथिको समग्र कारबाही र संसद् अवरोधको घटनामा उदारवादीहरूको रवैयाले पनि निर्णायक भूमिका खेल्यो । सदनमा हाम्रो समस्त क्रियाकलापमा हाम्रो काम तबतब प्रभावकारी रह्यो जबजब हामीले मजदुरहरूबाट समर्थन हासिल गर्न सक्यौँ । सदनमा एकहदसम्म देशको राजनीतिक सङ्घर्षको प्रतिविम्ब झल्किन्थ्यो । तैपनि, समस्या कारखाना, सडकमा सल्टाउनुपर्थ्यो । तुराइद दरबार (संसद् भवन) का पर्खालभित्र समाधान थिएन ।

हाम्रो समूहले सदनको घटनालाई लिएर अन्य पार्टीसँग मिली मजदुर प्रदर्शन गर्ने तयारी थाल्यौँ । बोल्शेभिकहरूको बलियो सङ्गठन भएका ट्रेड युनियन, शैक्षिक सङ्घसंस्था तथा अन्य मजदुर


PURISHKEVICH By Boris Yefimov

वर्गीय सङ्गठनहरूमार्फत आन्दोलन सुरु भयो । यस्तो होला भनी आकलन गरेर गुप्त प्रहरीले आफ्नो सक्रियता दोब्बर पार्‍यो । समूहका प्रत्येक सदस्यमाथि कडा निगरानी भयो । समूहका कार्यालयहरू गुप्तचरहरूका अखडा बने । सांसदहरू निलम्बित भएको दिन साँझपख गुप्त प्रहरीले हाम्रो पार्टीका ६ सदस्यलाई पक्राउ गर्‍यो । हडताल आयोजना गर्ने विषयमा छलफल गर्न ती मजदुरहरू हाम्रो कार्यालयमा आएका थिए । त्यही बेला पक्राउ परे ।

धरपकडका कारण हाम्रो समूह निकै सजग भयो । पार्टी सङ्गठनका प्रतिनिधिहरूलाई हाम्रो कार्यालयमा नआउन भनियो । पार्टी समितिका हाम्रा गतिविधिमा कडा गोप्यता कायम गरियो । हामीले विभिन्न सङ्गठनका कामरेडहरूलाई मजदुरहरूले साङ्गीतिक तथा शैक्षिक गतिविधि गर्ने स्थानमै बैठक बस्न र विरोधका गतिविधिको तयारी गर्न लगायौँ ।

अप्रिल २३ को बेदखलीको भोलिपल्ट हडताल सुरु भयो । खासगरी छापासँग सम्बन्धित ४ हजार मजदुरले काम छोडेका थिए । त्यसपछिका दिनहरूमा यो हडताल अन्यत्र सर्दै गयो । अप्रिल २४ गते हडतालीहरूको सङ्ख्या बढेर ५५ हजार पुग्यो । तेस्रो र चौथो दिनमा थप १७ हजार मजदुर हडतालमा थपिए । आन्दोलन मस्कोमा फैलियो । त्यहाँ २५ हजार मानिस हडतालमा सहभागी भए । जहीतही बैठक बस्दै विरोधको निर्णय पारित गर्दै मजदुरहरू धमाधम हडतालमा मिसिए ।

उद्योग सङ्घले पहिले जस्तै सबै ठुला उद्योगहरू तालाबन्दी गरेर जवाफ दियो । अप्रिल २४ को दिन १६ ठुला उद्योगहरू बन्द भए । झन्डै २५ हजार मजदुर कामबाट निकालिए । उद्योग सङ्घलाई मजदुरहरू 'तालाबन्दी सङ्घ' भन्थे । यसले आफूलाई मजदुरहरूविरुद्ध आर्थिक र राजनीतिक सङ्घर्ष गर्ने सङ्गठनको रूपमा प्रस्तुत भयो । अप्रिल २९ गते अधिकांश कारखानामा काम पुनः सुचारु भयो । तर, कतिपय मालिकहरूले मे दिवसमा हडताल हुने सम्भावनालाई ध्यानमा राखेर मजदुरहरूलाई दण्डित गर्न तालाबन्दीलाई मे २ गतेसम्म लम्ब्याए । पुँजीपतिहरूले मजदुरवर्गलाई भोकभोकै र बेकामे राखेर तिनको क्रान्तिकारी उत्साहलाई नामेट पार्न सकिने ठाने । तर, कालासय सांसदहरू यसलाई पनि अपुग ठान्थे । उनीहरू मजदुरहरूलाई कठोरतम दण्ड दिन आह्वान गरे ।

प्रतिक्रान्तिकारी पत्रिका 'रुसकोये ज्नाम्या' (रुसी झन्डा) ले कपटी प्रस्तावको खुला उद्घोष गर्‍यो । उसले मजदुरको ज्याला घटाउनुपर्ने र ( सदन वा बिमा निकाय आदिबाट) मजदुरको समग्र प्रतिनिधित्व अन्त्य गर्नुपर्ने माग राख्यो । कालासय सांसदहरूले मजदुरहरूमा क्रान्तिकारी भावना बढिरहेको तथ्यलाई स्वीकार्नै पर्‍यो । यसको पछाडि मजदुर प्रेसले चलाएको प्रचार अभियान तथा सामाजिक जनवादी सांसदहरूका गतिविधि मूल कारक रहेको पनि उनीहरूले ठम्याए । 'रुसकोये ज्नाम्या' मा अप्रिल २६ गते छापिएको एक लेखले भन्यो :

"मजदुरहरूको प्रेसमा सामाजिक जनवादी सांसदहरूको पूर्ण नियन्त्रण छ । (सरकारले) असावधानीपूर्वक यो प्रेसलाई सांसद र मजदुरहरूबिच हिमचिम बढाउन दिइएको छ । एक वर्षअघि मजदुरहरूलाई सदनका घटनाक्रमसँग उति चासो थिएन । सामाजिक जनवादीहरू बैठकबाट निकालिए । तिनका साथीहरू, भगौडा अपराधीहरू पक्राउ परे । तिनीहरू बस्ने ठाउँमा छापा मारियो । तैपनि मजदुरहरू चुप थिए । अहिले त सदनमा दिने एउटै मन्तव्यमा पनि २ लाख सङ्गठित मजदुरहरू जुरुक्क उचालिन्छन् । मजदुर वर्गका सबै जल्दाबल्दा प्रश्न तुरुन्तै सदनमा गुञ्जिन्छन् । सदनमा सामाजिक जनवादीहरूले सरकारलाई बोल्न दिँदैनन् र यसले अज्ञानी मजदुरहरू झन् उचालिन्छन् । साथै, सामाजिक जनवादी सांसदहरूले जे बोले पनि त्यसलाई मजदुरहरूले टिपिहाल्छन् । सामाजिक जनवादीहरूको अहङ्कारलाई ठाउँमा ल्याउँदा विरोधमा उनीहरूले सदनमा आपत्तिजनक अवरोध तेर्स्याए । यसलाई पनि मजदुरहरूले हडताल गरी समर्थन गरे । आंशिक सही हडताल एक हदसम्म सफल भयो । केही मामिलामा अडान लिनुपर्ने बेला हो यो । तोपका आहार र बखेडाकारीहरूबिच यो हिमचिमको खतराबारे विचार गर्नुपर्ने बेला हो ।"

'रुसकोये ज्नाम्या' पत्रिकामा छापिएको त्यो लेखले यसपछि विभिन्न प्रस्ताव राख्यो । मजदुरहरूलाई राजनीतिक अधिकारबाट वञ्चित गर्नुपर्ने र ज्याला घटाइदिनुपर्ने लेख्यो । नरसंहारकारीहरूले लेखे, "भोकभोकै हडताल गर्न सकिन्न । पेट भरिएकाहरू मात्र हुलदङ्गामा आउँछन् ।" यसपछि लेखले सार खिच्यो :

"यसरी मात्र शान्ति बहाल हुनेछ । यसपछि मात्र सदनमा सामाजिक जनवादीहरूले विरोध जनाएपिच्छे सेन्ट पिटर्सबर्गका सडकमा सुव्यवस्था कायम गर्न घोडचढी पल्टन यताउति दौडिरहनुपर्दैन ।"

कालासयहरूले सही भनेका थिए । जनतासँग मजदुर सांसदहरूको घनिष्ट सम्बन्धको ठुलो महत्त्व थियो । सेन्ट पिटर्सबर्ग, मस्कोलगायत देशका विभिन्न सहरमा मजदुरहरूले हाम्रा क्रियाकलापको समर्थनमा प्रदर्शन गरेर त्यो घनिष्टता जाहेर गरेका थिए ।

संसद् अवरोध गर्ने हामी र अन्य दुई समूहले सम्पूर्ण तह र तप्काबाट समर्थन पाए । क्याडेटहरू आफ्नो निर्णयलाई संविधानसम्मत देखाउन अनेक बहाना आविष्कार गर्न बाध्य भए । दक्षिणपन्थी क्याडेटहरूमध्ये सबैभन्दा मुख माक्लाकोभ मस्कोका सांसद थिए । (तत्कालीन गृहमन्त्रीको नाम पनि माक्लाकोभ हुनाले नझुक्किनुहोला । सं.) उनी मस्को गएर वामपन्थी सांसदहरूको बेदखलीविरुद्ध मत नदिनुको कारण खुलाउन बाध्य भए । उनले गुनासो गर्दै भने, "ग्रामीण क्षेत्रमा विरोध आन्दोलनको नयाँ लहर चल्दै छ । यसले हाम्रो पार्टीलाई बेवास्ता गर्छ र विरोधका कानुनी तरिकालाई अस्वीकार गर्छ ।" अर्का क्याडेट नेता मिल्युकोभले उनलाई समर्थन गर्दै भने, "क्रान्तिकारी लहर बढिरहेको सत्य हो भने यो निकै दुःखद छ ।" क्रान्तिलाई पछि सार्नु नै उदारवादीहरूको एउटै लक्ष्य थियो । सरकारको विरोध गर्ने बेला पनि उनीहरूको मुख्य तर्क यही हुन्थ्यो । सरकारको नीतिले क्रान्तिलाई मलजल गरिरहेको वा क्रान्ति भड्काइरहेको दलिल हुन्थ्यो तिनको ।


यही बेला क्याडेट र प्रगतिशीलहरूलगायत तिनका साझेदारहरूले आफ्नो कपटलाई सफाइ साथ प्रस्तुत गरे । यसको प्रभाव कति पर्‍यो भने (मेन्शेभिक) विघटनकारीहरूले उदारवादीहरूसँग मिलेर जानुपर्नेसम्म सोच्न भ्याए । आफ्नो पत्रिकामा मेन्शेभिकहरूले प्रगतिशील पुँजीवादी पार्टीहरूसँग मिलेर जान तयार रहेको लेखे । स्थितिको विश्लेषण गर्दै उनीहरूले फेरि एकपल्ट मजदुर वर्गलाई 'मजदुरहरूको निम्ति साङ्गठनिक स्वतन्त्रता' को नीति घोटेर खुवाउन खोजे । मेन्शेभिक पत्रिका 'सेभेर्नाया राबोचाया गजेटा' ( उत्तरी मजदुर खबर) ले लेख्यो, "सदनमा वाक स्वतन्त्रता तथा सांसदहरूको दण्ड-फराक हैसियतको प्रश्न आज देशको राजनीतिक जीवनको सबैभन्दा अहम प्रश्न बन्न पुगेको छ । यी प्रश्नहरू सन् १९१२ अगस्टमा निर्दिष्ट मूल मागहरूसँग एकदम नजिक छन् ।" (यसलाई अगस्ट गुट भनिन्थ्यो ।)

'प्राभ्दा' पत्रिकाले तुरुन्तै यो दृष्टिकोणको खण्डन गर्‍यो । सदनले केवल क्रान्तिकारी सङ्घर्षलाई सबल बनाउने साधन मात्र बन्न सक्छ । तसर्थ, सदनको वाक स्वतन्त्रताको प्रश्न मजदुरहरूका लागि महत्त्वपूर्ण हुन सक्दैन । 'प्राभ्दा' ले लेख्यो :

"सामाजिक जनवादी तथा त्रुदोभिकहरूमाथि आक्रमण गर्दा सभामुख रोद्जान्को र पुरिश्केभिचहरूलाई साथ दिने अपराध गरेर उदारवादीहरू भर्खरै के ताजा भएका थिए ( मेन्शेभिक) विघटनकारीहरूबाट सहकार्यको प्रस्ताव पाइहाले । यतिबेला यस्तो प्रस्ताव ल्याउनु मजदुर वर्गीय आन्दोलनप्रति पूर्वाग्रही बन्नु हो । पुँजीपतिहरूसँग सहकार्य अहिलेको नारा हुन सक्दैन । बरु पुँजीवादीहरू हिच्के पनि, तिनले विश्वासघात गरे पनि क्रान्तिलाई अघि बढाउनु नै आजको नारा बन्नुपर्छ । (मेन्शेभिक) विघटनकारीहरूले सदनमा पुँजीवादीहरूसँग संयुक्त काम गर्न सक्छन् तरसही नीति हामीले बाहिर अपनाउनुपर्छ ।... मजदुर वर्गले पनि 'संयुक्त कार्य' गर्छ तर त्यसको आधारलाई उदारवादी र विघटनकारीहरू दुवैले अस्वीकार गर्छन् ।"

वामपन्थी सांसदहरूलाई सदनबाट निकाला गरेपछि सेन्ट पिटर्सबर्गमा फैलिरहेको हडतालको लहरप्रति मेन्शेभिकहरूको रवैयामा जनकारबाहीप्रति तिनको डर झल्किन्थ्यो । क्रान्तिको सम्भावना देखेर तिनको होसहवास हरायो र तिनले आन्दोलनलाई थमौतीमा राख्न जोडबल लगाए ।

अप्रिल २५ को दिन मेन्शेभिक समूहको बैठक बस्यो । त्यसको माइन्युटको उल्लेख गुप्त प्रहरीको रिपोर्टमा पनि भयो । मेन्शेभिक नेता ( फ्योदोर) दानको उपस्थितिमा भएको सो बैठकमा सेन्ट पिटर्सबर्गमा भइरहेका जुलुस प्रदर्शन र हडतालको विषयमा छलफल चलेको थियो । बैठकमा कैयन सदस्यले भने, "मजदुरहरूलाई सहयोगका लागि धन्यवाद भन्नुपर्छ र तिनलाई मे १ सम्म हडतालपछि सार्न भन्नुपर्छ ।" समूहले गरेको निर्णयमा यही भाव झल्कियो । लेखियो, "मे १ गते अझ उत्साह देखाउने हो भने अहिलेलाई हडतालबाट पछि हट्न जरुरी छ ।"






बङ्गलादेशको राजधानी ढाकामा विदेशी कम्पनीहरूसित गरिएको लालदिया पानगाउँ बन्दरगाह निर्माण तथा सञ्चालन परियोजना खारेज गर्न माग राखी बङ्गलादेशका वामपन्थी पार्टीहरूले गरेको विरोध प्रदर्शन अन्तरिम सरकारका प्रमुख मोहम्मद युनुसको कार्यालयतिर अघि बढेपछि जुलुसमाथि हस्तक्षेप गर्दै बङ्गलादेशी प्रहरी डिसेम्बर ४, २०२५ का दिन । सो क्रममा प्रहरीले लाठी चार्ज गर्दा सयौं प्रदर्शनकारी घाइते भएका छन् ।

*तस्बिर : कमरेड फेसबुकपेजबाट*

# दोहा फोरम : अन्तर्राष्ट्रिय सहयोग र प्रविधि नवप्रवर्तनमा केन्द्रित

दोहा, २० मङ्सिर (क्यूएनए) । कतारको राजधानी दोहामा आजदेखि सुरु भएको 'दोहा फोरम सन् २०२५' मा विश्वका नेता, उच्चस्तरीय कूटनीतिज्ञ र व्यापार विशेषज्ञहरूले सहभागिता जनाएका छन् । फोरमले गाजा सङ्कट, युक्रेन युद्ध, स्वास्थ्य प्रणाली, प्रविधि विकास र कृत्रिम बुद्धिमत्ता (एआई) को द्रुत प्रगतिलगायत विश्वव्यापी चुनौतीहरूबारे बहसको अवसर प्रदान गरेको छ ।

उद्घाटन समारोहमा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जस्सिम अल थानीले भन्नुभयो, "कतारको भूमिका संवाद र मध्यस्थता कायम राख्न केन्द्रित छ । हामी कुनै पक्षको समर्थन नगरी, सङ्घर्ष समाधान र मानवीय पीडाको अन्त्यमा सहयोग पुऱ्याउने उद्देश्य राख्छौँ ।" उहाँले गाजा र युक्रेनमा शान्ति प्रयासमा कतारले सक्रिय भूमिका खेलेको जानकारी दिनुभएको छ ।

फोरम २०२५ मा विश्वप्रसिद्ध उद्यमी र माइक्रोसफ्टका संस्थापक बिल गेट्सले पनि विश्वव्यापी स्वास्थ्य प्रणाली मजबुत पार्न वित्तीय सहयोग र प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "भविष्यका स्वास्थ्य चुनौतीहरू सामना गर्न हामीले सामूहिक प्रयास गर्नुपर्छ र प्रणाली सुधारमा ध्यान दिनुपर्छ ।"

दोहा फोरमले विश्वव्यापी व्यापार प्रणाली, अमेरिकी-चीन सम्बन्ध, प्रविधि र कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा आर्थिक संरचना सुधारका विषयमा विचार आदान-प्रदानको अवसर प्रदान गरेको छ । यस वर्षको फोरममा १६० भन्दा बढी देशका ६ हजार सहभागी हुने अनुमान गरिएको छ ।

फोरमका सत्रहरूले गाजा सङ्कट, क्षेत्रीय र विश्वव्यापी मध्यस्थता, स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग तथा व्यापार र कूटनीतिक सम्बन्ध सुधारका उपायमा केन्द्रित बहस गरेको छ ।

फोरमले बहुपक्षीय कूटनीति, अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारी सुनिश्चित गर्न विश्वका नेताहरूलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**दोहा फोरम : वैश्विक चुनौतीको सामना गर्न संवादको मञ्च**

कतारको अल-राया दैनिकले आजबाट सुरु भएको दोहा फोरम सन् २०२५ को महत्त्वलाई विशेष रूपमा उजागर गर्दै, यो फोरम अहिलेको संवेदनशील विश्व परिस्थितिमा अत्यधिक आवश्यक भएको टिप्पणी गरेको छ ।

फोरमले राजनीतिक तनाव, मानवीय सङ्कट र तीव्र प्रविधि-परिवर्तनका बिच विश्वलाई न्यायपूर्ण दिशातर्फ अघि बढाउन योगदान गर्ने विश्वास पत्रिकाले व्यक्त गरेको छ ।

'दोहा फोरम: अन्तर्राष्ट्रिय न्याय प्रवर्द्धन गर्ने सक्रिय मञ्च' ले हालको विश्व परिस्थिति र आवश्यकतालाई स्पष्ट रूपमा समेटेको उल्लेख गरेको छ । पत्रिकाका अनुसार, जटिल विश्वयात्रामा राजनीतिक साहस, मानवएकता र सुशासनको आवश्यकता अझ बढिरहेको छ ।

दोहा फोरमले कतारलाई केवल आयोजक मात्र नभई विश्वको भविष्य निर्माणमा सक्रिय साझेदारका रूपमा स्थापित गरेको बताएको छ । २५ वर्षपहिले स्थापना भएको फोरम अब विश्व नेता, विज्ञ तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई एउटै मञ्चमा ल्याउने महत्त्वपूर्ण केन्द्र बनेको पत्रिकाको टिप्पणी छ । यस वर्ष १६० देशका ६ हजारभन्दा बढी सहभागी र ४७१ वक्ताहरूको सहभागिताले फोरमलाई झनै प्रभावशाली बनाएको उल्लेख छ ।

फोरमका सत्रहरूले मध्यस्थता, गाजा सङ्कट, विश्व स्वास्थ्यका लागि वित्तीय स्रोत, कृत्रिम बुद्धिमत्ताको रणनीति र प्रमुख शक्तिहरूबिचको सम्बन्धजस्ता प्रमुख मुद्दा उठाएको बताइएको छ । यी छलफलहरूले दिगो, सन्तुलित र न्यायपूर्ण विश्व निर्माणका लागि व्यावहारिक समाधान खोज्नु अपरिहार्य रहेको सन्देश दिएको पत्रिकाको निष्कर्ष छ ।

दोहा फोरम २०२५ ले बहुपक्षीय कूटनीतिप्रतिको कतारको दृढ प्रतिबद्धता पुनः पुष्टि गरेको र विश्वका गम्भीर चुनौती समाधान गर्न संवाद र सहकार्यको बाटो मजबुत बनाएको अल-रायाले जनाएको छ ।

# इन्डोनेसियामा बाढी र वर्षाले हजारौँ प्रभावित, मृतक सङ्ख्या बढ्ने जोखिम

बान्डा अचे, २० मङ्सिर (एएफपी) । इन्डोनेसियाको सुमात्रा टापुमा थप भारी वर्षाले पहिले नै बाढीबाट प्रभावित क्षेत्रलाई थप चुनौतीपूर्ण अवस्था सिर्जना गर्ने सङ्केत देखिएको छ । अचे प्रान्तका गभर्नर मुजाकिर मनाफका अनुसार मृतकको सङ्ख्या ८८३ भन्दा बढी हुन सक्ने सम्भावना छ, जसको मुख्य कारण भोकमरी रहेको छ ।

सुमात्रा र दक्षिण तथा दक्षिणपूर्व एशियामा आएको उष्णकटिबन्धीय तूफान र वर्षाले बाढी निम्त्याएको छ । गत हप्तादेखि इन्डोनेसिया, श्रीलङ्का, मलेसिया, थाइल्याण्ड र भियतनाममा प्राकृतिक प्रकोपका कारण एक हजार ७७० भन्दा बढी मानिसको मृत्यु भएको छ ।

इन्डोनेसियाको मौसम विभागले अचे र उत्तर सुमात्रामा पुनः वर्षाको सम्भावना रहेको जानकारी दिएको छ । यी क्षेत्रमा बाढीले सडक बगाएको, घर माटोले ढाकिएको र आपूर्ति रोकिएको अवस्था छ । गभर्नर मनाफले भन्नुभयो," टोलीहरूले अझै माटोमा शव खोजिरहेका छन् । यसैबिच, सबैभन्दा ठूलो चुनौती भोकमरी बनेको छ ।"

गभर्नरले बताए, "धेरै क्षेत्र अझै पहुँचविहीन छन् । मानिसहरू बाढीका कारण मर्दैनन्, तर भोजन अभावले पीडित छन् ।" अचे टामियाङ्ग क्षेत्रमा केही गाउँ पूर्ण रूपमा बाढीले प्रभावित भएका छन् ।

अचेका बासिन्दा मुनावर लिजा जैनलले सरकारले तत्काल राष्ट्रिय प्रकोप घोषणा नगरी बस्दा आफूलाई निराश महसुस भएको बताउनुभएको छ । उहाँले भन्नुभयो,"यो असाधारण प्रकोप हो, जसका लागि विशेष उपाय आवश्यक छ । यदि राष्ट्रिय प्रकोपपछि मात्र घोषणा गरिन्छ भने त्यसको प्रभाव सीमित हुन्छ ।"

विश्लेषकहरूले राष्ट्रिय प्रकोप घोषणा ढिला हुनुको सम्भावित कारण अतिरिक्त विदेशी सहायता प्राप्त गर्ने प्रयाससँग सम्बन्धित हुनसक्ने सुझाव दिएका छन् । तर सरकारले स्थिति व्यवस्थापन गर्न सकिने विश्वास व्यक्त गरेको छ ।

सुमात्राका अन्य भागमा बाढी फिर्ता गएको र नदीको स्तर घट्दा क्षतिको वास्तविक परिमाण स्पष्ट हुँदै गएको छ । इन्डोनेसियामा मृतकको सङ्ख्या शनिबार बिहान ८८३ पुगेको छ भने ५२० जना अझै बेपत्ता छन् ।

श्रीलङ्कामा ६०७, थाइल्याण्डमा २७६, मलेसियामा दुई र भियतनाममा दुई जनाको मृत्यु भएको छ ।

जलवायु परिवर्तनका कारण वर्षा अब अझ अनियमित र अप्रत्याशित भइरहेको छ ।

## विश्व सङ्क्षेप

# एडीबीद्वारा पाकिस्तानमा कृषि, शिक्षा र स्वास्थ्य परियोजनाका लागि ३८ करोड दश लाख अमेरिकी डलर स्वीकृत

मनिला, २० मङसिर (सिन्ह्वा) । एसियाली विकास बैङ्क (एडिबी) ले शनिबार पाकिस्तानको पञ्जाब प्रान्तमा कृषि, शिक्षा र स्वास्थ्य परियोजनाका लागि ३८ करोड दश लाख अमेरिकी डलरको तीन परियोजनाहरू स्वीकृत गरेको छ । एडीबीले पञ्जाव प्रान्तमा परियोजनाको माध्यमबाट आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ, जुन देशको जनसङ्ख्या र आर्थिक गतिविधिको आधाभन्दा बढी हो ।

परियोजनामा समावेश १२ करोड डलरको ऋण, ४० लाख डलरको अनुदानले विपद् र कार्बन उत्सर्जन न्यूनीकरणलाई सघाउनुको साथै दुई लाख २० हजार ग्रामीण कृषक परिवारहरूलाई लाभान्वित गर्नेछ ।

परियोजनाले कृषिलाई यान्त्रिकीकरण गरी वैकल्पिक जीविकोपार्जन प्रदान गर्ने १५ हजार महिलाको सीप बढाउने तथा साना किसानहरूलाई उन्नत मेसिनरीसहित नयाँ वित्तीय प्रणाली प्रस्तुत गर्ने जनाइएको छ ।

पन्जाबले मात्र पाकिस्तानको ७५ प्रतिशत गहुँ, ६९ प्रतिशत चामल र ९१ प्रतिशत मकै उत्पादन गर्ने जनाइएको छ । शिक्षामा, एडीबीले माध्यमिक शिक्षाको आधुनिकीकरण गर्न र पञ्जाब विद्यालय शिक्षा विभागअन्तर्गत समावेशी कार्यक्रमहरू विस्तार गर्न, गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न १० करोड डलर ऋण र ७ करोड डलर अनुदान स्वीकृत गरेको जनाइएको छ ।

# इयुमा पेट्रोल-डिजेल गाडी प्रतिबन्धबारे सदस्य राष्ट्रहरू विभाजित

ब्रसेल्स, २० मङ्सिर (एएफपी) । युरोपको अटो उद्योग र त्यसका समर्थकहरू सन् २०३५ देखि पेट्रोल तथा डिजेलका नयाँ गाडी बिक्रीमा रोक लगाउने युरोपेली सङ्घ (इयु) को योजना सहज बनाउने प्रयासमा छन् । उहाँहरूले वर्षको अन्त्यसम्म यसबारे निर्णय होस् भनेर दबाब बढाइरहेका छन् ।

युरोपेली आयोगले यो लक्ष्यको पुनरावलोकन डिसेम्बर १० मा गर्नेछ । तर सदस्य राष्ट्रहरू र उद्योग क्षेत्रबिचको फरक-फरक मागका कारण निर्णय ढिला हुनसक्ने देखिन्छ । सन् २०२३ मा तय गरिएको यो लक्ष्यले सन् २०३५ पछि सबै नयाँ गाडीलाई विद्युतीय बनाउने उद्देश्य राखेको थियो, जुन सन् २०५० भित्र इयुको 'ग्रीन डिल' को मत्त्वपूर्ण हिस्सा हो । तर दुई वर्षपछि, 'व्यावहारिकता' का नाममा यो मिति पुनर्विचार गर्नुपर्ने आवाज बढ्दै गएको छ । अटो निर्माताहरूले लक्ष्य धेरै कठोर भएको बताएका छन् । यसैबिच, चिनियाँ कम्पनीहरूले युरोपमा विद्युतीय गाडीको आपूर्ति बढाएपछि युरोपेली उद्योगले प्रतिस्पर्धाको ठूलो दबाब महसुस गरेको छ । यसले कारखाना बन्द हुने र रोजगारी व्यापक रूपमा गुम्ने जोखिम बढाएको छ ।

# दक्षिण अफ्रिकाको छात्रावासमा गोली चल्दा ११ जनाको मृत्यु

जोहानेसबर्ग, २० मङ्सिर (एएफपी) । बन्दुकधारीहरूले शनिबार दक्षिण अफ्रिकाको राजधानी प्रिटोरियास्थित एक छात्रावासमा आक्रमण गरी तीन वर्षीय बालकसहित ११ जनाको हत्या गरेको प्रहरीले जनाएको छ ।

आक्रमणमा २५ जनालाई गोली लागेको पुष्टि गर्दै प्रहरी प्रवक्ता एथ्लेन्डा माथेले १४ जनालाई अस्पतालमा भर्ना गरिएको जनाउनुभएको छ ।

प्रिटोरियाबाट १८ किलोमिटर पश्चिममा रहेको साउल्सभिल टाउनसिपमा आक्रमण हुँदा दश जनाको घटनास्थलमै मृत्यु भएको उल्लेख गर्दै अर्का एक जनाको अस्पतालमा मृत्यु भएको उहाँले बताउनुभएको छ ।

तीन जना बन्दुकधारीहरू बिहान ४:३० बजे छात्रवास परिसरमा प्रवेश गरी पुरुषहरूको समूहमा अन्धाधुन्ध गोली हानेको जनाइएको छ ।

उहाँले गोली हानाहानको उद्देश्य पत्ता लगाउन नसकिएको उल्लेख गर्दै अहिलेसम्म कसैलाई पनि पक्राउ नगरिएको बताउनुभएको छ ।

दक्षिण अफ्रिकाको सबैभन्दा औद्योगिक राष्ट्र दक्षिण अफ्रिका सङ्गठित सञ्जालद्वारा सञ्चालित अपराध र भ्रष्टाचारसँग जुध्हिरहेको जनाइएको छ ।

मुलुकमा धेरै मानिसहरूसँग व्यक्तिगत सुरक्षाका लागि इजाजतपत्र प्राप्त हतियारहरू रहेको तर धेरै अवैध बन्दुकहरू प्रचलनमा रहेको जनाइएको छ ।

प्रहरीका अनुसार आक्रमणका कारण गत अप्रिल देखि सेप्टेम्बरसम्म प्रत्येक दिन करिब ६३ जनाको मृत्यु भएको थियो ।

# यमनमा शान्ति प्रयास: २६ शव हस्तान्तरणसँगै वार्ताको वातावरण सहज

साना, २० मङ्सिर (सिन्ह्वा) । यमन सरकारले संयुक्त राष्ट्रसङ्घको पहलमा पुनः सुरू हुन लागेको वार्ताको तयारीस्वरूप शुक्रबार 'विद्रोही हुथी समूह' का २६ सदस्यका शव हस्तान्तरण गरेको जनाएको छ ।

सरकारी टेलिभिजनमार्फत प्रसारित वक्तव्य अनुसार यी शव स्थानीय मध्यस्थमार्फत, अन्तर्राष्ट्रिय रेड क्रस समितिको प्रत्यक्ष निगरानीमा विद्रोही हुथी पक्षलाई बुझाइएका हुन् ।

सरकारले जनाएअनुसार, यी शव हालै मारिब र अल-जाउफ प्रान्तमा भएका छिटपुट भिडन्तमा मारिएका हुथी सदस्यका थिए । विद्रोही हुथी पक्षले मध्यस्थमार्फत उनीहरूको पहिचान पुष्टि गरेपछि मात्र शव हस्तान्तरण गरिएको राज्य सञ्चालित साबा समाचार एजेन्सीले जनाएको छ ।

सरकारी वार्ता समिति प्रमुख याह्या काजमानले यो एकतर्फी कदम बन्दी, बेपत्ता पारिएका व्यक्ति तथा अपहरण पीडितहरूको मुद्दा समाधानतर्फ प्रगति गर्न सरकारले देखाएको सद्भावको अभिव्यक्ति भएको बताउनुभयो । साथै, यसले केही दिनमै सुरु हुन लागेको बन्दी-विनिमयसम्बन्धी नयाँ वार्ताको वातावरण सहज बनाउने अपेक्षा व्यक्त गर्नुभयो ।

विद्रोही हुथी समूहले यसबारे हालसम्म प्रतिक्रिया दिएको छैन ।

गत हप्ता यमनका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष दूत हान्स ग्रुन्डबर्गले ओमानको राजधानी मस्कटमा आयोजित मध्यस्थता बैठकमा सहभागी भएको जानकारी दिँदै, यमनका द्वन्द्वरत पक्षबिचको शान्ति वार्ता चाँडै पुनः सुरु हुने सङ्केत दिएका थिए ।

यमन सरकार र विद्रोही हुथी समूहले यसअघि सन् २०२० मा दुवै पक्षले करिब एक हजार कैदीहरूको व्यापक आदान-प्रदान गरेका थिए ।

यमन सन् २०१४ उत्तरार्धदेखि नै गम्भीर गृहयुद्धको चपेटामा पर्दै आएको छ, जब विद्रोही हुथी समूहले राजधानी साना सहित देशका ठूलो भागमा नियन्त्रण कायम गरेको थियो । अप्रिल २०२२ मा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको युद्धविरामपछि मोर्चागत भिडन्तमा उल्लेख्य कमी आए पनि समग्र राजनीतिक समाधान भने अझै अनिश्चित नै छ ।

# ज्यान जोखिममा राखेर विद्यालय पुग्छन्
# ढेबुवाका विद्यार्थी, सुनकोशीमा 'रबरबोट' को सहारा




ओखलढुङ्गा, २० मङ्सिर । ओखलढुङ्गाको ढेबुवाका स-साना विद्यार्थीहरू 'रबरबोट' को भरमा दैनिक सुनकोशी नदी पार गरेर सिन्धुलीका विद्यालयमा पढ्न जान बाध्य छन् । ओखलढुङ्गाको सुनकोशी गाउँपालिका-१ र सिन्धुलीको फिक्कल गाउँपालिका-६ जोड्ने झोलुङ्गे पुल गत वर्ष असोजको बाढीले बगाएपछि ढेबुकाका २६ जना विद्यार्थी रबरबोट चढेर जोखिम मोल्दै सुनकोशी नदी पार गरेर पढ्न जान बाध्य भएका हुन् ।

गाउँमा राम्रो पढाइ हुने विद्यालय नभएका कारण ढेबुवा र जेरुङघाटका विद्यार्थीहरू छिमेकी जिल्ला सिन्धुलीको फिक्कल गाउँपालिकाका रत्न गङ्गा मावि र आधारभूत विद्यालय राईगाउँ तीनखण्डेमा पढ्दै आएका छन् । बाढीले पुल बगाएपछि विद्यार्थीहरू लामो समय पढाइबाट वञ्चित भएका थिए । केही समय अगाडि गृहमन्त्रालयबाट बोट ल्याएर पालिकाको व्यवस्थापनमा सञ्चालन गरेर विद्यार्थीलाई सुनकोशी तार्ने गरिएको रत्न गङ्गा माविका विव्यस अध्यक्ष रोशन भण्डारीले बताउनुभयो । बोटबाट विद्यार्थी तार्ने काम जोखिमपूर्ण र अस्थायी भएकाले स्थायी समाधानका लागि पुल निर्माणको माग गरिएको उहाँको भनाइ छ ।

ओखलढुङ्गाका जनप्रतिनिधिले आफ्ना क्षेत्रका विद्यार्थीको समस्या समाधानमा पहल नगरेको उहाँको भनाइ छ । "अर्को जिल्ला, अर्को प्रदेशका विद्यार्थी भए पनि हाम्रो विद्यालयमा पढ्ने बालबालिका गत असोजको बाढीले पुल बगाएपछि पढाइबाट वञ्चित भए । लामो समयसम्म त्यो जिल्लाका सांसद रामहरि खतिवडा र सुनकोशी गाउँपालिकाका अध्यक्ष कमल तामाङसँग समन्वय गर्न खोजियो तर उहाँहरूले वास्ता नगरेपछि गृहमन्त्रालयबाट रबरबोट ल्याइयो, फिक्कल गाउँपालिको व्यवस्थापनमा बोट सञ्चालन गरेर विद्यार्थीलाई विद्यालय ल्याउने लैजाने गरिएको छ", विव्यस अध्यक्ष भण्डारीले भन्नुभयो, "जोखिमपूर्ण अवस्था छ तर विकल्प छैन, त्यसैले दिगो समाधान भनेकै ढेबुवा र तीनखण्डे जोड्ने पुल निर्माण हो त्यसका लागि पनि हामीले माग गरिरहेका छौँ ।" उहाँका अनुसार सुनकोशी पारिका विद्यार्थीलाई मौसम हेरेर नदीमा बाढी आउने-नआउने आकलन गरेर विद्यालय ल्याउनुपर्ने र दिउँसो बाढी आए त्यो बेलुका सिन्धुलीमै बसोबासको प्रबन्ध मिलाउने गरिएको छ ।

विद्यार्थी ओसारपसारका लागि सुनकोशीमा बोट चलाउन फिक्कल गाउँपालिकाले सुरुदेखि नै एक जना कर्मचारी राखेको थियो । सुनकोशी गाउँपालिकाले पनि एक जना कर्मचारी राखेर तलब दिने आश्वासन दिएको छ ।

बाढीले पुल बगाएपछि विद्यार्थीलाई विद्यालय ल्याउन अस्थायी विकल्पका रूपमा रबरबोट सञ्चालन गरिए पनि तीनखण्डेमा पुल निर्माणको पहल भइरहेको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालले बताउनुभयो । तालिमप्राप्त कर्मचारी राखेर रबरबोट सञ्चालन गरी छिमेकी जिल्लाका विद्यार्थीलाई विद्यालय जाने र त्यस क्षेत्रका स्थानीय नागरिकलाई समेत नदी पार गर्न सहयोग गरिएको उपाध्यक्ष बरालको भनाइ छ ।

"हाम्रो बाध्यता र कार्यक्षेत्रभित्रको समस्या होइन यद्यपी छिमेकी जिल्ला भएपछि र विगतदेखि हाम्रै विद्यालयका विद्यार्थी भएकाले ती अबोध बालबालिका लामो समय पढाइबाट वञ्चित भएको देखेर वैकल्पिक व्यवस्था गरी विद्यालय ल्याउने र घर फर्काउने गरिएको छ", उपाध्यक्ष बरालले भन्नुभयो, "तीनखण्डेमा पुल निर्माणको पहल गरिरहेका छौँ । सबैको काम पनि भइसकेको छ तर सरकार परिवर्तन भएसँगै यो योजना ओझेलमा परेको छ ।" पुल निर्माणका लागि निरन्तर पहल गरिरहेको उहाँको भनाइ छ ।

सुनकोशी नदी किनारमा बिहान ५:०० बजेदेखि नै विद्यार्थीहरू भेला हुन्छन् । बालकक्षादेखि १२ कक्षासम्म पढ्ने विद्यार्थी भएकाले एसईईको तयारीमा रहेका विद्यार्थीहरू बिहान कोचिङ पढ्न आउने र अन्य विद्यार्थी ९:०० बजे सुनकोशी किनारमा आउने गरेका छन् । विद्यार्थी तार्न तीन वटा बोट राखिएको छ । जोखिमपूर्ण हुने भएकाले उमेर समूह अनुसार पालैपालो बोटमा राखेर सुरुमै अनुशासनमा बस्न, नहल्लीन, नचल्न निर्देशन दिएर नदी तारिन्छ ।

बाढीले पुल बगाएपछि १० मिनेटको बाटो दुई घण्टा लगाएर छिमेकी जिल्ला विद्यार्थीहरू घुमेर विद्यालय आउनुपर्ने बाध्यता अन्त्य गर्न बोट सञ्चालनपछि सहज भएको फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर रजनमगरले जानकारी दिनुभयो । बोटमा आउने कोशीपारिका विद्यार्थीलाई विशेष प्राथमिकतामा राखेर दिवाखाजा, छात्रवृत्तिजस्ता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको उहाँको भनाइ छ ।

रबर बोट (डुङ्गा) सञ्चालन भए पनि बर्सातको समयमा भने जोखिम हुने भएकाले तत्काल पुल निर्माण गर्न स्थानीयले माग गरिरहेका छन् । छोराछोरी विद्यालय पठाउन सुनकोशी नदी किनारसम्म आएका अभिभावक विद्यार्थी बोटचढेपछि पारी नपुग्दासम्म र साँझ फर्किने बेला वारी नआउँदासम्म पिरमा बस्ने गरेका छन् । "नानीबाबुलाई खोलामा हेलाएर टुलुटुलु हेर्नुपर्छ आधा भाग कटेर पारि पुगेपछि ढुक्क हुन्छ फेरि बेलुका फर्किने बेला उस्तै पिरलो हुन्छ", जेरोङघाटकी चन्द्कुमारी माझीले भन्नुभयो । "ढुङ्गामा बोट ठोकिँदा पनि नानीहरू डराएर चिच्याउँछन् कराउँछन् त्यो बेला भक्कानु छुटेर आउँछ । भगवान् पुकार्दै छोराछोरी पढाउन पठाउँछौँ ।"

पुल नहुँदा यस क्षेत्रका नागरिकको दैनिकी पनि प्रभावित भएको छ । घरायसी सामान किन्न डेढ घण्टा पैदल हिँडेर घुर्मी पुग्नुपर्ने बाध्यता छ । सिन्धुली क्षेत्र सुगम र नजिकै सुनकोशी नदीपारि रहेको ओखलढुङ्गा क्षेत्र दुर्गम छ । रासस


## श्री पद्म माध्यमिक विद्यालय

दरवारक्षेत्र, भक्तपुर ०१-६६१०३२६/०१-६६१२०९९

### आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०६२ मङ्सिर २९ गते, आइतबार)

यस विद्यालयको तपसिलका स्विकृत दरबन्दीमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको १५ दिनभित्र इच्छुक नेपाली नागरिकहरूबाट दर्खास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | पद | विषय | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | नि.मा.वि.तृतीय | सामाजिक | १ | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण |
| २. | नि.मा.वि.तृतीय | गणित | १ | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण |
| ३. | प्रशिक्षक (प्राविधिक धारतर्फ) मा.वि.द्वितीय सरह | सिभिल इन्जिनियर | १ | BE in Civil Engineering वा सो सरह उत्तीर्ण |

**दर्खास्त दिने अवधि** : नि.मा.वि. तृतीय सामाजिक र गणित विषय शिक्षकको हकमा शिक्षक सेवा आयोग करार सूचीमा रहेका उम्मेदवारको लागि ७ दिन तथा करार सूचीमा रहेका उम्मेदवारको दर्खास्त नपरेमा त्यसपश्चात खुलाको लागि थप ८ दिन

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**आवश्यक प्रमाणित कागजातहरू** : नेपाली नागरिकता, शैक्षिक योग्यता, अनुभवका पत्रहरू, शिक्षण अनुमतिपत्र इन्जिनियरिङको हकमा नेपाल इन्जिनियरिङ काउन्सिलबाट प्रदान गरेको लाइसेन्सको प्रतिलिपि र Bio Data संलग्न गरी हस्तलिखित निवेदन

**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता

**आवेदन दस्तुर** : नि.मा.वि. तृतीयको रू. १५०० (पन्ध्र सय मात्र) र मा.वि. द्वितीयको हकमा रू. २०००।- (दुई हजार मात्र) यस विद्यालयको नेपाल बैङ्क लि. भक्तपुर शाखाको खाता च.हि.नं ०१९००१०००३१७११००००१ मा जम्मा गरी आवेदनसाथ सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

**तलवमान**: नेपाल सरकारले तोकेबमोजिम

**प्राथमिकता** : प्राविधिक धारतर्फ कक्षा ९-१२ का विद्यार्थीहरूलाई कम्प्युटर विषय अध्यापन गराउन सक्ने वा कम्तीमा सम्बन्धित विषयमा ३ वर्ष अध्यापन गरेको अनुभवी

**सम्पर्क मिति** : म्याद समाप्त भएको मितिको भोलिपल्ट

**पुनश्च**: म्याद नाघेको र रित नपुगेको दर्खास्तउपर कुनै कारवाही हुनेछैन । थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्नुहोला ।

***शिक्षक छनोट समिति***


# निर्वाचन आयोगद्वारा राजनीतिक दललाई २० बुँदे निर्देशन


काठमाडौँ, २० मङ्सिर । निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ ।

आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ ।

निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो ।

निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाइ नघट्ने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुऱ्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।



यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन ।

मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ ।

महिला, दलित वा अल्पसङ्ख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एकतिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार गर्न पाइने छैन ।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ । राजनीतिक दलले निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दललको विधानबमोजिम कारबाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको वन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा विभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिँसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा निजी सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुऱ्याउने वा पुऱ्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ । यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई बाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउनेजस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन । रासस

# महिला पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर



भक्तपुर, २० मङ्सिर। भक्तपुर नगरपालिका वडा नं ४ को आयोजनामा शनिबार महिला पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले जिल्ला बाहिर उपत्यका बाहिरका नागरिकले स्वास्थ्य उपचार सुलभ तरिकाबाट उपलब्ध गर्न सकिने वातावरण निर्माणमा नगरपालिकाले गरिरहेको प्रयासमा नगरबासीहरूको सकारात्मक सहयोग जुटिरहेको बताउँदै मोफसलका सामुदायिक स्वास्थ्य केन्द्रहरूमा अहिलेसम्म पनि थर्मोमिटर बाहेक अन्य उपकरणहरूको व्यवस्था नहुँदा सर्वसाधारण जनताले महँगो शुल्क तिरेर निजी अस्पताल क्लिनिकहरूमा गई उपचार गराउन पर्ने बाध्यता रहेको अनुभव सुनाउँदै विद्यालय कलेजहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी अभाव रहेको कारण विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गर्ने कुरामा शङ्का व्यक्त गर्दै त्यसको ठीक विपरित भक्तपुरलाई शिक्षा, स्वास्थ्य र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जनप्रतिनिधिहरूले पार्टीको चुनावी घोषणापत्रबमोजिक उदाहरणीय काम गर्दै आइरहेको चर्चा गर्नुभयो ।

मेयर प्रजापतिले नगरभरिका विभिन्न वडाहरूमा स्वास्थ्य शिविर गर्नु नियमित प्रक्रिया भएको जानकारी गराउँदै स्वास्थ्य, सरसफाइका अलावा घर घरमा नर्सिङ सेवा, क्यान्सर अस्पताल, मानव अङ्ग प्रत्यारोपन, ख्वप अस्पताल, ख्वप ई. कलेजलगायत नगरको सन्तुलित विकासमा ध्यान दिँदै आइरहेको दृष्टान्त प्रस्तुत गर्दै ख्वप मोडेलबारे अन्तर्राष्ट्रिय स्तरमा चर्चा पाइरहेको कुरामा गर्व गर्नुपर्ने उल्लेख गर्नुभयो ।

बर्सेनि ऐतिहासिक भक्तपुर नगरको अवलोकन गर्न लाखौँ पर्यटकहरू ओइरिरहेको बताउँदै लोक सेवा आयोगमा ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूले अब्बल नतिजा हासिल गरिरहेको प्रसङ्गबारे बताउँदै देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिन कुनै कसर बाँकी नराखेको बताउनुभयो । खान नपाएरभन्दा पनि मानिसले खाने तरिका नजानेर रोगको शिकार हुनु परेको भन्दै जति धेरै पैसा भए पनि स्वस्थले साथ नदिए केही अर्थ नहुनेतर्फ सचेत रहन आग्रह गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले बर्सेनि १२ हजार महिलाहरूलाई पाठेघरको मुखको क्यानसर, स्तन क्यान्सर लाग्ने र जसमध्य ७ हजार ५ सय जना क्यान्सरबाट मृत्यु हुने गरेको तथ्याङ्क प्रस्तुत गर्दै समयमै उपचार गर्नसके स्वस्थ निरोगी जीवन बाँच्न सकिने भनाइ राख्नुभयो । रोगलाई पालेर केही फाइदा नहुने, रोगबारे बताउन लज्जाउने, हिच्किचाउने गर्न नहुने र पायस्मेयर परीक्षणमा रङ्गमा परिवर्तन भए सङ्क्रमण बढेको थाहा हुने बताउँदै शिविरमा सहभागी महिलाले बेलैमा उपचार पाउने विश्वास व्यक्त गर्नुभयो । हाल ख्वप अस्पतालमा अण्डासयको क्यान्सरसमेतको उपचार सेवा उपलब्ध भएको जानकारी गराउनुभयो ।

स्थानीय समाजसेवी विश्वराम त्वायनाले रोग लागेपछि उपचार गर्नुभन्दा रोगै लाग्न नदिन खानपिन, शारीरिक व्यायाममा ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

निवर्तमान कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले केबल महिलालाई मात्र नभई पुरुषलाई पनि क्यान्सर रोग लाग्न सक्नेबारे सचेत हुनुपर्ने धारणा राख्दै स्वास्थ्य नै धन भएको हुनाले सबैजनाले समय समयमा स्वास्थ्य जाँच गराउनुपर्ने आवश्यकताबारे औँल्याउनुभयो । २० वर्ष पहिले आदर्श महिला समूहले स्वास्थ्य परीक्षण गरेर वडाका महिलाहरूलाई क्यान्सर रोगबाट बचाएको अनुभव सुनाउँदै शिविरबाट लाभ उठाउन सल्लाह दिनुभयो ।

भ.न.पा. ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त औपचारिक कार्यक्रममा वडा नर्स बिनिता प्रजापति, स्वास्थ्य स्वयम्सेविका बुद्धलक्ष्मी त्वायनालगायतले बोल्नुभयो ।

'बचत गरौ, भविष्य बनाऔं'

**ख्वप बचत तथा ऋण सहकारी संस्था लि.**

ब्यासी -२, भक्तपुर, फोन नं.०१-६६१९४६३

## १८ औं वार्षिक साधारणसभासम्वन्धी सूचना

यस संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न मिति,समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा सूचित गरिन्छ ।

**छलफलका विषयहरू**

१. आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन ।
२. आ.व.२०८१/८२ को आयव्यय तथा २०८२/०८३ को अनुमानित बजेट ।
३. आ.व. २०८१/८२ को लेखा समितिको प्रतिवेदन ।
४.आ.व. २०८१/८२ लेखा परीक्षकको प्रतिवेदन ।
५. आ.व. २०८२/८३ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. निर्णय प्रमाणीकरणको लागि प्रतिनिधि चयन सम्बन्धमा ।
७. विभिन्न नीतिहरू शंसोधन सम्बन्धमा ।
८. विविध ।

**कार्यक्रम**
**मिति** : २०८२/९/१२ गते, शनिवार
**समय** : बिहान ११:०० बजे
**स्थान** : बासु मावि, कासन व्यासी भक्तपुर

- पुनश्च : २०८२ साल मङ्सिर मसान्तसम्ममा ७० वर्ष भएका सदस्यहरूलाई सम्मान गर्ने भएकोले नागरिकतासहित संस्थामा सम्पर्क गर्नुहोला ।
- २०८१ सालको SEE उत्तीर्ण सदस्य र सदस्यका छोराछोरीहरूलाई पुरस्कृत गरिने हुँदा यही पुस ५ गतेभित्र प्रमाणपत्र वा लब्धाङ्कपत्रको फोटोकपी संस्थामा बुझाउनुहुन अनुरोध गर्दछ ।
- यही २०८२ असार मसान्तसम्ममा नियमित बचत, ब्याज र ऋण तिर्न वा नवीकरण गर्न बाँकी सदस्यहरूलाई साधारणसभामा दिने सुबिधा उपलब्ध गराउने छैन ।
- साधारणसभामा उपस्थित शेयर सदस्यहरू ,वृद्ध बचतकर्ता र बालबचतकर्ता सदस्यहरूलाई खाजा खर्च उपलब्ध गराइनेछ । खाजा खर्च बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्र उपलब्ध गरिनेछ ।
- साधारणसभामा उपस्थित हुँदा अनिवार्य रूपमा परिचयपत्र वा पासबुक साथमा ल्याउनुपर्नेछ ।

**सञ्चालक समिति**

# "सरकारले खराब सहकारी पीडित जनताको बचत सुरक्षित गरिदिनुपर्छ




भक्तपुर, २० मङ्सिर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को शिक्षा उपसमितिको आयोजना अनिवार्य शिक्षा शिविर शनिबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हाल विभिन्न सहकारी संस्थाहरूले गरेको आर्थिक अपचलनबारे चर्चा गर्दै राम्रो सरकारले खराब सहकारीका कारण धरापमा परेका पीडित जनताको बचत सुरक्षित गर्न ती सहकारी संस्थाका सञ्चालकहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले सदस्यहरूलाई खराब सहकारीमा संलग्न नगराउन राम्रा सहकारीहरूले समय समयमा सदस्यहरू भेटघाट कार्यक्रमहरू आयोजना गरी वित्तीय साक्षरता प्रदान गर्नुका साथै राय सुझावहरू सङ्कलन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सिद्धि गणेश साकोसका सञ्चालकहरूले आफ्नो जिम्मेवारी इमानदारीतापूर्वक पालना गरी संस्था आर्थिक नीति नियम पालना गरी सञ्चालन भएकोमा विश्वस्त रहेको बताउँदै सदस्यहरूलाई संस्थाबाट गलत कार्य भएमा निरन्तर आलोचाना गर्ने सचेत गर्नुभयो । उहाँले शिक्षा शिविर कार्यक्रम नयाँ एवं सम्भावित सदस्यहरूलाई मात्र नभई पुराना सदस्यहरू, कर्मचारीहरू तथा सञ्चालकहरूसमेत समावेश गरी नियमित सञ्चालन गर्न सुझाव दिनुभयो । गोसाईले सहकारी संस्थाले सदस्यहरूलाई अनावश्यक खर्च कटौटी गरी बचत गर्ने बानी विकास गर्न विभिन्न कार्यक्रम एवं सामाजिक भेटघाटमार्फत सुसूचित गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशको आर्थिक प्रगतिको लागि आत्मनिर्भताको आवश्यकता हुने बताउँदै स्वदेशी उत्पादनलाई प्राथमिकता दिई आयात घटाउनुपर्ने विचार व्यक्त गर्नुभयो । सदस्यहरूबाट उत्पादित वस्तु एवं हस्तकला बजारीकरण गर्न सहकारी संस्थाहरूले हात बजारहरू सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक छ, उहाँले भन्नुभयो । साथै न्यून आय भएका सदस्यहरूको आर्थिक विकास गर्न सहकारी संस्थाले विभिन्न तालिम सञ्चालन गरी ती सदस्यहरूमाझ आर्थिक अवसरहरू श्रृजना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एक आपसमा सहकार्य गर्नु नै सहकारी हो भन्दै परम्परागत गुठी, धर्म भकारी एवं पर्मको रुपमा धेरै पहिलेदेखि नै देशमा सहकारीको अभ्यास हुँदै आएको जानकारी दिनुभायो । उहाँले अग्रजहरूको सुझावअनुसार सहकारी सिद्धान्तहरूको पालना गरी संस्था सञ्चालन गर्दै आएको कारणले संस्था स्थापना भएको ३१ औँ वर्षसम्म पनि कुनै समस्या भोग्न नपरेको बताउनुभयो । अध्यक्ष लाखाले संस्था आर्थिक नाफाको लागि मात्र नभई समाज र सदस्यहरूको विकासका निम्ति सामाजिक क्षेत्रमा समेत निरन्तर सक्रिय हुँदै आएको बताउनुभयो । उहाँले नियमित बचत गर्नु र संस्थाबाट लिएको ऋणको साँवा ब्याज भुक्तानी गर्नुमात्र सदस्यको दायित्व नभई साधारण सभामा उपस्थित भई संस्थालाई उचित राय सुझाव दिनु पनि सदस्यको दायित्व रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले सदस्यहरूमा सहकारीसम्बन्धी ज्ञान नहुनाले धेरै सहकारीका सदस्यहरूको बचत धरापमा परेको उल्लेख गर्दै सदस्यहरूलाई सहकारी ज्ञान एवं वित्तीय साक्षरता प्रदान गर्ने हेतुले संस्थाबाट नियमित शिक्षा शिविर सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँले समुदायमा आधारित भई नीति नियमको पालना गरी स्थानीयद्वारा सञ्चालित सहकारी संस्था विश्वसनीय र सुरक्षित हुने बताउँदै सहकारी र सञ्चालकहरूबारे राम्ररी बुझेर मात्र बचत गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।

***पढेलेखेकाहरूले...***

देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा लिन भक्तपुरमा ठाउँ मिलेको हो । आदर्श आजाद कलेजले पनि आफ्नो नामअनुसार आदर्श समाज निर्माण गर्ने काम गर्नु आवश्यक छ । शोषणरहित समाज आदर्श हुने भएकोले समाजवादी बाटोमा विद्यार्थीहरूलाई शिक्षित गर्नु आजको आवश्यकता हो", उहाँले भन्नुभयो ।

आदर्श आजाद कलेज व्यवस्थापन समितिका अध्यक्ष उद्धव सुजखूको सभापतित्वमा भएको सो सभामा व्यवस्थापन समितिका सदस्य प्रा. सिद्धिरत्न शाक्य, कलेजका प्राचार्य श्रीकृष्ण किसी, सहप्राचार्य चक्रबहादुर चाकतु, शिक्षक आशाकुमार चिकंबन्जार र प्रेमजन थापा श्रेष्ठले कलेजको गतिविधिबारे बोल्नुभएको थियो ।

२०६५ सालमा स्थापना भएको आदर्श आजाद कलेजबाट गतवर्षसम्म २९५ जना विद्यार्थीहरू त्रिविको परीक्षामा उत्तीर्ण भई दीक्षित भइसकेका छन् । शिक्षाशास्त्र र व्यवस्थापन विषयमा पढाई हुने कलेजले गत वर्षसम्म चार लाख ९८ हजार आठ सय रूपियाँ छात्रवृति दिएको कलेज प्रशासनले जनाएको छ ।

कलेज सभाले प्राचार्य श्रीकृष्ण किसीले सभामा पेश गर्नुभएको प्रगति विवरण, भावी योजना तथा रणनीति लगायतका प्रस्तावहरू सर्वसम्मतिले पारित गरेको छ ।

# गणेश माविमा नमुना संसद् सम्पन्न




भक्तपुर, २० मङ्सिर । वाग्मती प्रदेश सभा सदस्य गीता काफ्लेको आतिथ्यमा शनिबार गणेश माध्यमिक विद्यालय, चागुनारायण नगरपालिका - ५ छालिङमा नमुना संसद् कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सांसद काफ्लेले जनमुखी कानुन बनाउन हरेक विद्यालयमा कानुन निर्माणको विषय जानकारी दिन नमुना संसद् आवश्यक भएको बताउनुभयो ।

कतिपय सांसदहरुले कानुन निर्माणका व्यवहारिक विषयहरु राम्रोसँग नबुझ्दा देशघाती सन्धि सम्झौताहरु सदनबाट पास हुने गरेको चर्चा गर्दै उहाँले कानुन निर्माणको व्यावहारिक पक्षहरू विद्यालय स्तरबाट नै सिकाउनु जरुरी छ भन्नुभयो ।

विशेष अतिथि न्हुछेभक्त फोजूले सांसदले कस्ता विधेयकहरू पास गर्नुपर्छ र कस्ता विधेयकहरुले जनहित गर्छ लगायतका विषयहरुबारे प्रस्ट पार्नुभयो ।

नमुना संसद्को सभामुख एवं प्रमुख प्रशिक्षक श्रीराम श्रेष्ठले ख्वप विश्वविद्यालय शिक्षालाई उत्पादन श्रमसँग जोड्न र आधुनिक शिक्षा प्रणालीको विकास गरी विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्न ख्वप विश्वविद्यालय विधेयक आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा प्रअ इन्द्रबहादुर फोजु र शिक्षक सुलोचना सुवालले समेत बोल्नुभएको थियो ।

नमुना संसद् कार्यक्रम कानुनी आवाजको आयोजनामा सम्पन्न भएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा